# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभुमि

कुनै पनि विषयवस्तुलाई प्रस्तुत गर्नुभन्दा अगाडि त्यस विषयवस्तुलाई सिकारु समक्ष कसरी प्रस्तुत गर्ने, कस्ता विधिहरुको प्रयोग गर्ने, कस्ता सामग्रीहरुको प्रयोग गर्ने, कति समयमा त्यस कार्यलाई सम्पन्न गर्ने, कसरी बढी भन्दा बढी सिकाई उपलब्धि प्राप्त गर्न सकिन्छ भन्ने बारेमा विषयवस्तुसंग सम्वन्धित विशेषज्ञहरुद्वारा विषयवस्तु प्रस्तुत गर्ने व्यक्तिलाई दिईने पूर्ण ज्ञानलाई तालिमको रुपमा लिन सकिन्छ। समय परिवर्तनशिल छ। समयसंग मानिस र मानिस परहने समाज पनि परिवर्तनशिल रहेको छ । समय अनुसार समाज र देशमा आउने परिवर्तनको प्रमुख कारक र माध्यम शिक्षा हो। परिवर्तनशिल समाजका आवश्यकता इच्छा र चाहना पूरा गर्न पाठ्यक्रममा पनि परिवर्तन गर्दै लैजानु पर्ने हुन्छ । यस्तो परिवेशमा सामाजिक चाहना पूरा गर्ने कार्यका लागि प्रभावकारी शिक्षणको आवश्यकता पर्दछ। जसका लागि तालिम चाहिन्छ। (तिमिल्सिना, २०६६)

नेपालमा शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिहरूलाई पेशागत दक्षता अभिवृद्धि गर्ने अभिप्रायले शैक्षिक जनशक्ति विकास केन्द्र (NCED) को स्थापना वि.स. २०५० सालमा भएको हो भने सरकारको सिधै पहुँच पुग्न नसक्ने दुर्गम क्षेत्रका शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिलाई उनीहरूको पेशागत क्षमता अभिवृद्धि गराउने उद्देश्यले सन् १९७१ मा न्युजिल्याण्डमा दर्ता भएको हिमालयन ट्रष्टले सन् १९९८ देखि सोलुखुम्बु जिल्लामा सोलुखुम्बु शिक्षक तालिम कार्यक्रम सन्चालन गरी शिक्षकहरुलाई तालिम प्रदान गरेको पाइन्छ । दुवै निकायबाट सन् २००८ को मध्यसम्ममा सबै प्राथमिक शिक्षकहरूले तालिम लिइसकेका छन् भने राहत तथा नीजि स्रोतमा नयाँ भर्ना भएका शिक्षकहरुले लामो अवधिको तालिम पाएको पाईदैन तथापि छोटो अवधिको तालिम भने लिइरहेको पाइएको छ। NCED वाट मात्र पाएको तालिम, हिमालयन ट्रष्टवाट मात्र पाएको तालिम र दुवै निकायवाट शिक्षकले पाएको तालिमको अध्ययन गरी तुलनात्मक रुपमा तालिमका सवल पक्ष, कम्जोर पक्ष, तालिम पश्चात विद्यालयमा आएको व्यवस्थापकीय सुधार, शैक्षिक सुधार तथा शैक्षिक वातावरणमा आएको परिवर्तनको अध्ययन गर्नु एक अपरिहार्य कार्य हो। उक्त समयमवधिमा दुवै निकायले प्रदान गरेको तालिमको तुलनात्मक रुपमा अध्ययन भएको हालसम्म भेटिएको छैन। तसर्थ यस अध्ययनमा र शैक्षिक जनशक्ति विकास केन्द्र (NCED) र हिमालयन ट्रष्टले सन्चालन गरेको प्राथमिक शिक्षक तालिम (Primary Teacher Training Programme) को उपलब्धिको तुलनात्मक अध्ययन गरी तालिमको प्रभाव तथा निचोडलाई यस अध्ययनमा समावेस गरिएको छ।

यसवाट विद्यालय शिक्षामा आएको परिवर्तनवारे सवै सरोकारवालाहरुलाई सहयोग पुग्ने छ। जसले सोलुखुम्वु जिल्लामा हिमालयन ट्रष्ट र शैक्षिक जनशक्ति विकास केन्द्रवाट प्राथमिक शिक्षकहरुलाई प्रदान गरेको तालिमवारेमा विस्तृत जानकारी हाँसिल गर्नका लागि सहयोग पुग्ने छ।

यो अध्ययन विद्यालयहरुको प्रत्यक्ष भ्रमणवाट सम्पन्न भएको थियो । हिमालयन ट्रष्ट तथा शैक्षिक जनशक्ति विकास केन्द्रले विश्वको शिखर सगरमाथाको काखमा अवस्थित पर्यटकीय दृष्टिकोणले अति महत्वपूर्ण भौगोलिक हिसावले विकट मानिने जिल्ला सोलुखुम्वुमा प्राथमिक शिक्षक तालिमको सफलता पूर्वक सन्चालन गर्नु गौरवको विषय हो । (भित्ते पत्रिका, २०६७, जैदु )

समाजलाई उन्नतिको शिखरमा शिक्षाले पुऱ्याउँछ विकासलाई टेवा पुऱ्याउछ । गरीवलाई गरीवि निवारणमा सहयोगी भुमिका दिन्छ र रोजगारको माध्यम बन्छ । त्यसैले विकासमा सर्वोपरि महत्व रहन्छ । हरेक मुलुकले शिक्षालाइ उच्च बिन्दुमा राखेको हुन्छ । नेपालमा शिक्षलाई पहिलो प्राथमिकता राखिएको छ । बजेटको सवैभन्दा वढि भाग शिक्षामा नै खर्चिने गरिएको छ । नेपालमा शिक्षाको अवस्थालाई विश्लेषण गर्नु पर्दा यसको एतिहासिक पृष्ठभुमिलाइ ख्याल गर्नु पर्ने हुन्छ । किनभने हरेक मुलुकमा शिक्षा निति सधै स्थिर रहदैनन । ( श्रेष्ठ, २०६६) त्यसर्थ शिक्षा विकासमा तालिमको पर्दछ । जसले शिक्षणलाई प्रभावकारी वनाउन सहयोग गर्दछ ।

नेपालमा शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिको दक्षता अभिवृद्धि गर्ने प्रयास विभिन्न निकायबाट हुदै आएकोमा सो कार्य एउटै केन्द्रीय निकाय मार्फत गराउनुपर्ने आवश्यकता महसुस भएअनुरुप नेपाल सरकार र एशियाली विकास बैंकको बीचमा २०४९ मा सम्झौता भई प्राथमिक विकास परियोजना सञ्चालन भएको पाइन्छ । उक्त परियोजनाको एउटा कार्यक्षेत्र शैक्षिक जनशक्ति विकास केन्द्र र नौ वटा शिक्षक तालिम केन्द्र स्थापना गर्नु रहेको थियो । तसर्थ शिक्षा क्षेत्रमा आवश्यक जनशक्ति विकास गरी शिक्षकको गुणात्मकता सुनिश्चित गर्न वि.स. २०५० सालमा शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गत शैक्षिक जनशक्ति विकास केन्द्र (NCED) को सथापना भएको हो । नेपाल सरकारको मिति २०६१ साल भदौ २९ गतेको मन्त्री परिषदको निर्णय अनुसार शिक्षा मन्त्रालय अन्तर्गतका शिक्षक तालिम प्रदान गर्ने संस्थाहरूलाई एकीकृत गरी माध्यमिक शिक्षा विकास केन्द्र (Secondary Education Development Unit- SEDU) दूर शिक्षा केन्द्र शैक्षिक जनशक्ति विकास केन्द्रमा एकीकृत भएको छ । यस केन्द्रको कार्यालय सानोठीमी, भक्तपुरमा रहेको छ भने यस अन्तर्गत नौ वटा शिक्षक तालिम केन्द्र, २० वटा शैक्षिक तालिम केन्द्र र ५ वटा शैक्षिक तालिम उपकेन्द्र गरी जम्मा ३४ वटा तालिम केन्द्र नेपालका विभिन्न २९ स्थानहरूमा रहेका छन् । जुन केन्दहरूबाट शिक्षकहरूलाई तालिमको व्यवस्था गरिदै आएको छ । ( शैक्षिक जनशक्ति विकास केन्द्र, एक चिनारी, २०६२/०६३)

नेपालमा तेञ्जिङ नोर्गे शेर्पा र सर एड्मण्ड हिल्लारीले विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गर पश्चात विगत ५२ वर्ष अगाडि देखि हिमाली क्षेत्रको विकासका सन्दर्भमा शिक्षा स्वास्थ, वातावरण र निर्माणको कार्य गर्दै आएको हिमालयन ट्रष्टले शिक्षाको उन्नतिको लागि २७ वटा विद्यालयहरुको स्थापना गरेको छ जसमध्ये खुम्जुङ माध्यमिक विद्यालयले २९ मे २०११ मा स्वर्ण महोत्सव मनाइसकेको छ भने खरिखोला मा. वि. ले आगामी कार्तिक २७ गते मनाउदै छ । सन् १९९८ देखि तत्कालिन श्री ५ को सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयको

स्वीकृतिमा सोलुखुम्बु जिल्लाको सदरमुकाम सल्लेरीमा सोलुखुम्बु शिक्षक तालिम कार्यक्रमको सञ्चालन भएको छ । यस संस्थाले सन् २००६ सम्म हिउदे विदाको अवधि प्राथमिक शिक्षक तथा नि.मा.वि., मा.वि. शिक्षकहरूलाई निरन्तर प्रत्येक वर्ष ४ हप्ताका दरले तालिम प्रदान गरिसकेको छ । साथै वर्षका बीचमा विद्यालय विदा हुने समय पारी एक हप्ते पुनर्ताजगी तालिम (Inservice Refresher Teacher Training Programme) समेत प्रदान गरेको पाइन्छ । हाल आएर यस सोलुखुम्बु शिक्षक तालिम कार्यक्रमले तालिमको प्रभावकारीताबारे सोलुखुम्बुका विद्यालयहरूमा शिक्षक प्रशिक्षकहरू मार्फत सुपरिवेक्षण, अनुगमन तथा मूल्यांकन गरिरहेको छ र विद्यालयका शिक्षकहरूलाई मागमा आधारित (Problem based) विषयगत तालिमको पनि व्यवस्था गरिरहेको छ । साथै विद्यालयको आवश्यकता अनुसार शैक्षिक व्यवस्थापन तथा पाठ्यक्रम कार्यान्वयन योजना जस्ता विषयहरुमा तालिमको आयोजना गरिरहेको छ । तालिमको सुपरिवेक्षण कार्य तथा विद्यालय सहयोग कार्यक्रम निरन्तर रुपमा भईरहेको पाईएको छ । सन् २००८ को मध्यसम्ममा सोलुखुम्बु जिल्लाका सम्पूर्ण प्राथमिक शिक्षकहरूले शैक्षिक जनशक्ति विकास केन्द्र र हिमालयन ट्रष्ट दुवै निकायले प्रदान गरेको तालिममा सहभागिता जनाइसकेका थिए ।

शैक्षिक जनशक्ति विकास केन्द्र (National centre for educational Development) र गैर सरकारी संस्था हिमालयन ट्रष्टबाट शैक्षिक क्षेत्रमा कार्यरत जनशक्तिलाई दक्षता अभिवृद्धि गराएर गुणस्तरीय शिक्षामा जोड दिने अभिप्रायको औचित्य के कस्तो अवस्थामा रहेको छ भन्ने कुराको यस अध्ययनबाट जानकारी प्राप्त भएको छ । जुन जानकारीले शिक्षक तालिमसँग सरोकारवाला सबैलाई सहयोग पुऱ्याउने छ । शिक्षाप्रेमी, समाजसेवी, बुद्धिजीवि लगायत शिक्षासँग सवैलाई यो अध्ययन उपयोगी हुने विश्वास गरिएको छ ।

## १.२ समस्याको कथन

हाम्रो देश नेपलमा सरकारको शिक्षा नीति खुकुलो र परीक्षा प्रणाली कम्जोर भएको कारण अध्ययन गरेका लाखौं विद्यार्थीहरु वेरोजगारीको शिकार वनेको गुनासो आम नागरिकहरुले गरेको पाईन्छ । उनीहरुलाई राज्यले उपयुक्त रोजगारीको व्यवस्था गर्न सकेको छैन । आजको प्रतिस्पर्धात्मक युगमा व्यवसायिक तथा प्राविधिक शिक्षा को माग वढिरहेको अवस्था छ । यो माग वमोजिम शिक्षा नीति वनाई अवलम्वन गर्नु सरकारको लागि चुनौतीको विषय वनेको छ । वढ्दो राजनीतिक हस्तक्षेपका कारण देशका विभिन्न भागमा प्रशस्त मात्रामा विद्यालयहरु खोलिएका छन शिक्षक नियुक्तिमा समेत दवावका कारण देशको विद्यालयको शिक्षा धारासायी वनिरहेको हुनाले अधिकाँस पहाडी क्षेत्रका विद्यार्थीहरुको पढाइ केवल सरकारको शिक्षा दिने औपचारिकता मात्र भएको तीतो सत्यलाई कुनै पनि नेपालीहरुले नकार्न सक्दैनन् भन्ने आम सरोकारवालाहरुको गुनासो पाईन्छ । नेपालको सरकारी शिक्षाको यथार्थ पनि यस्तै वनिरहेको छ ।

नेपाल सरकारले शिक्षामा व्यापक लगानी गरेको छ , शिक्षक दरवन्दीको व्यवस्था, विद्यालय निरिक्षकको व्यवस्था, तालिमको व्यवस्था आदि गरेको छ । तथापि यसको समय अनुकुल कार्यान्वयन , सुपरिवेक्षण र अनुगमनमा कमी देखिएको छ । शिक्षा क्षेत्रमा आफ्नै किसिमका चुनौती र कठिनाईहरु रहेका छन । जुन कठिनाईहरुलाई समाधान गर्नका लागि नेपाल सरकारको कार्यक्रमलाई विभिन्न विदेशी दातृ राष्ट्र तथा संघ संस्थाहरुले सहयोग र सहकार्य गरिरहेका छन । यद्धपि नेपालका विद्यालयहरुकोप शिक्षामा सफलता हाँसिल भइरहेको छ । यसको वारेमा अध्ययन नहुनुले शिक्षामा पारेको असरवारेमा थाहा नहुने भएकोले यो अध्ययन गर्नु आवश्यक ठानिएको हो ।

शैक्षिक निकायमा कार्यरत जनशक्तिहरूको पेशागत दक्षता, अभिवृद्धि गरी समग्र राष्ट्रको शिक्षालाई गुणस्तरीय, व्यवसायिक र सीपमूलक बनाउनु एक जटिल कार्य हो । यस्तो कार्य नेपालको सन्दर्भमा औपचारिक रुपमा शैक्षिक जनशक्ति विकास केन्द्र (NCED) ले गरेको पाइन्छ । नेपाल सरकारको अनुमति लिई सोलुखुम्वु जिल्लाको हिमाली क्षेत्रमा हिमालयन ट्रष्ट, नेपलले यो कार्य गरेको छ । सन् २००८ को मध्यसम्ममा सम्पूर्ण प्राथमिक शिक्षकहरूले सेवाकालिन प्राथमिक शिक्षक तालिम प्राप्त गरिसकेका छन् । उनीहरूले के कस्ता दक्षता हासिल गरे भन्ने कुरामा संस्थागत रुपमा प्रभावकारीता अध्ययन फरक फरक ढंगबाट दुवै निकायको भएको हुन सक्ने भएता पनि दुवै निकायले प्रदान गरेको तालिमको तुलनात्मक अध्ययन भएको नपाइएकोले यस अध्ययनबाट तालिमको तुलनात्मक रुपमा अध्ययन गरी शिक्षकले तालिमबाट हाँसिल गरेका अनुभव, भोगाइ तालिमका बलिया पक्ष, कमजोर, पक्ष, शिक्षण कौशलमा आएको दक्षता आदिको अध्ययन गर्नु एक समस्याको रुपमा रहेको हो । तालिमको प्रभाववाट विद्यालयमा आएको शैक्षिक तथा व्यवस्थापकीय सुधारको अध्ययन नहुनु र सयम अनुसार यसको सही प्रयोग भएको छ कि छैन यसको वारेमा अध्ययन गर्नु एक समस्याको रुप हो ।

### १.३ अध्ययनको औचित्य

कुनै पनि क्षेत्रमा गरिने अध्ययन अनुसन्धानको उक्त क्षेत्रमा आफ्नै महत्व रहेको हुन्छ । यो अध्ययन पनि शैक्षिक जनशक्ति विकास केन्द्र तथा HTN ले प्रदान गरेको प्राथमिक शिक्षक तालिमको उपलब्धिको तुलनात्मक अध्ययन शीर्षक अन्तर्गत National Center for Educational Development Center / Himalayan Trust ले प्रदान गरेको प्राथमिक शिक्षक तालिमको तुलना गर्ने र तालिमले विद्यालयमा पारेको शैक्षिक तथा व्यवस्थापकीय प्रभावको पहिचान गर्ने अभिप्रायले गरिएको भएकोले यसको औचित्य तथा महत्व रहेको थियो ।

नेपालको परिवेशमा शैक्षिक निकायमा कार्यरत जनशक्तिको पेशागत दक्षता नयाँ अवधारणा र स्थानीय स्रोत साधनको प्रयोगमा जोडदिदै गुणस्तरीय, व्यवहारमूलक र समय सापेक्षित शिक्षा प्रदान गर्न शैक्षिक जनशक्ति विकास केन्द्र र हिमालयन ट्रष्टले औपचारिक शिक्षामा कार्यरत शिक्षकहरूको लागि तालिम कार्यक्रम सञ्चालन गरेको पाईएको छ । उक्त कार्यक्रमबाट हालसम्म

सम्पूर्ण प्राथमिक शिक्षकहरू लाभान्भित भइसकेका छन् । NCED ले चरणबद्ध रुपमा प्रदान गर्ने प्राथमिक शिक्षक तालिम र हिमालयन ट्रष्टले विद्यालयको मीनपचास विदाको समयमा सञ्चाललन गर्न प्राथमिक शिक्षक तालिमबाट शिक्षकका विभिन्न शैक्षिक क्रियाकलापमा परिवर्तन भइसकेको अवस्थामा दुवै सरकारी निकायबाट तालिम प्रदान गर्ने शैक्षिक जनशक्ति विकास केन्द्र (National center of Education Development) र गैरसरकारी निकाय (Non-government Organisation) बाट तालिम प्रदान गर्ने हिमालयन ट्रष्ट (Himalayan Trust, Nepal) दुवैले प्रदान गरेको प्राथमिक शिक्षकहरूका लागि तालिमको तुलनात्मक अध्ययन नगरिनु एक समस्याको रुप हो भन्न सकिन्छ । यो समस्यालाई समाधान गर्ने हेतुले यो अध्ययन गरिएको हो । यस अध्ययनबाट दुवै निकायका तालिमको तुलनात्मक रुपबाट विश्लेषण गरिएको छ । यसबाट अध्ययनको औचित्य स्पष्ट भएको छ । सन् २०१० को मध्यसम्ममा तालिम हासिल गरिसकेका सम्पूर्ण प्राथमिक शिक्षिकाहरूले तालिमबाट प्राप्त गरेका अनुभवहरू, उनीहरुका भोगाइहरू, तालिमका वलिया पक्षहरू, कमजोर पक्षहरू तथा विद्यालय सहयोग कार्यक्रमका बारेमा विश्लेषण गरि शैक्षिक जनशक्ति विकास केन्द्र (National center of Education Development) र गैरसरकारी सामाजिक निकाय (Non-government Organisation) बाट तालिम प्रदान गर्ने हिमालयन ट्रष्ट (Himalayan Trust, Nepal) दुवैले प्रदान गरेको प्राथमिक शिक्षकहरूका लागि तालिमको उपलब्धिको तुलनात्मक अध्ययन गरिएको हुँदा यस अध्ययनबाट आउदा दिनमा दुवै निकायहरूलाई प्राथमिक शिक्षक सेवाकालिन तालिम प्रदान गर्न, पुर्नताजगी तालिम प्रदान गर्न तथा तालिम शिक्षाको निर्माण गर्न सहयोग पुग्ने आशा गरिएको छ । साथै तालिमसँग सरोकार राख्ने सम्पूर्ण सरकारी तथा गैरसरकारी सरोकारवालाहरू अन्य जिज्ञासुहरू लगायत राष्ट्रलाई नै यस अध्ययनले सहयोग पुऱ्याउने विश्वास गरिएको छ । जवकि सोलुखुम्वु जस्तो विकट भूगोल तथा परिवर्तनसील मौसम तथा अधिकतम चिसो हुने जिल्लामा हिउँदको समयमा तालिम सञ्चालन गर्नु हिमालयन ट्रष्टको शिक्षाप्रतिको अतुलनीय योगदान भएको छ । जुन संस्थाले जिल्ला विकास समिति लगायतका सरकारी तथा गैर सरकारी निकायहरुवाटसमेत कदर प्राप्त गरिसकेको छ ।

यस अध्ययनले सामुदायिक तथा संस्थागत विद्यालयमा जुनसुकै तहमा शिक्षक तालिम सञ्चालन गरी उपलव्धिमूलक वनाउनको लागि सहयोग पुऱ्याउने आशा गरिएको छ । यस अध्ययनले तालिमको महत्वलाई वुझ्न सहयोग गरेको छ । यसरी यस अध्ययनवाट प्राप्च सूचनाको आधारमा शिक्षक अविभावक , जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय , शिक्षा मन्त्रालय , पाठ्यक्रम निर्माता र विभिन्न शैक्षिक संगठनहरुलाई योजना नीति निर्माण र कार्यान्वयनमा आवश्यक सहयोग पुऱ्याउने आशा गरिएको छ ।

यस अध्ययनले नेपालको दुर्गम हिमाली जिल्ला सोलुखुम्वुको शिक्षा क्षेत्रमा सहयोग गर्न , शिक्षाको गुणस्तर अभिवृद्धि गर्न तथा शैक्षिक कार्यक्रम गर्न ईच्छुक स्वदेशी एवं विदेशी व्यक्ति तथा संघ संस्थाहरुलाई आवश्यक सूचना प्रदान गर्दछ ।

## १.५ अध्ययनको उद्देश्य

शैक्षिक जनशक्ति विकास केन्द्र र हिमालयन ट्रष्टले प्रदान गरेको प्राथमिक शिक्षक तालिमको उपलब्धिको तुलनात्मक अध्ययनको उद्देश्यहरू निम्न वमोजिम रहेका थिए ।

क) शैक्षिक जनशक्ति विकास केन्द्र र हिमालयन ट्रष्टले प्रदान गरेको प्राथमिक शिक्षक ज्ञान , सीपको अवस्था पत्ता लगाउने ।

ख) शैक्षिक जनशक्ति विकास केन्द्र र हिमालयन ट्रष्टले प्रदान गरेको प्राथमिक शिक्षक ज्ञान , सीपको कक्षाकोठामा स्थानान्तरणको अवस्था पहिचान गर्ने ।

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनका लागि समय, स्रोत र साधनलाई मध्य नजर राखी यस अध्ययनको सीमांकन देहायवमोजिम गरिएको थियो ।

१ सोलुखुम्बु जिल्लाका सल्लेरी गा. वि.स. का २ वटा विद्यालयहरूलाई लिईएको छ । उक्त विद्यालयहरु समुदायद्धारा व्यवस्थित गरिएका वा सामुदायिक (Community managed schools) हुन जसमा यो अध्ययन सीमित गरिएको थियो ।

२. उक्त विद्यालयका शिक्षकशिक्षिकाहरूले शैक्षिक जनशक्ति विकास केन्द्र (NCED) र हिमालयन ट्रष्टले प्रदान गरेको प्राथमिक शिक्षक तालिम लिइसकेका थिए ।
३ शैक्षिक सामाग्री निर्माण तथा प्रयोग गरेको आधारमा कक्षा ४ र ५ का विद्यार्थीहरुमा यो अध्ययन सीमित गरिएको थियो ।

४. शिक्षक, प्र. अ. स्रोतव्यक्तिहरुलाई समेत अध्ययनको क्रममा छनौट गरिएको थियो ।

## १..७ अध्ययन क्षेत्रको परिचय

### १.७.१ सोलुखुम्वु जिल्लाको संक्षिप्त परिचय

लोकतान्त्रिक गणतन्त्र नेपालको पुर्वाञ्चल विकास क्षेत्रका १६ जिल्लामध्येको हिमाली जिल्ला सोलुखुम्वु सगरमाथा अञ्चलमा पर्दछ । यो जिल्लाको उत्तरमा चीन, दक्षिणमा दिक्तेल जिल्ला पुर्वमा संखुवासभा र पश्चिममा रामेछाप जिल्लाहरु रहेका छन । यो जिल्लामा विश्वको सर्वोच्च शिखर सगरमाथा रहेको छ , जसको उचाई ८८४८ मिटर छ । यो हिमालका अलवा नुम्वुर , ल्होत्से, नुप्से ,कोङ्दे , आमाडव्लम लगायतका हिमशिखरहरु रहेका छन । यहाँ पौष माघ महिनामा वर्षेनी हिउ

पर्दछ । यातायात र कृषि उत्पादनको हिसावले यो जिल्ला अन्य जिल्लाको तुलनामा पछि छ । विमान स्थलको हिसावले यो सवै भन्दा वढी ४ वटा सन्चालनमा आइरहेको विमानस्थलहरु भएको जिल्ला हो जहा अत्यन्त व्यस्त लुक्ला विमानस्थल समेत पर्दछ ।

राष्ट्रिय जनगणना २०४८ को तथ्यांक अनुसार यहाको जनसंख्या ११९९०१ रहेको छ । यहाको साक्षरता भने ४० देखि ५० प्रतिशतको वीचमा रहेको छ । यहा प्राथमिक तहदेखि स्नात्तकोत्तर तहसम्मको पढाई हुने गरेको छ । यो जिल्लामा प्राथमिक , निम्नमाध्यमिक, माध्यमिक तथा उच्च माध्यमिक र क्याम्पस गरी ३१५ शैक्षिक संस्थाहरु रहेका छन भने ४०००० विद्यार्थीहरु अध्ययनरत छन ।

यो जिल्लामा नेपाल सरकारका मातहतमा रहेका सरकारी कार्यालय र स्थानीय निकाय वाहेक अन्य स्वदेशी तथा विदेशी संघसंस्थाहरुले समेत शिक्षा, स्वास्थ्य , वातावरण संरक्षण जस्ता विविध क्षेत्रहरुमा सहयोग पुऱ्याएका छन । यहाँका मानिसहरुको मुख्य पेशा कृषि र पर्यटन हो भने सदरमुकाम र वजार क्षेत्रमा व्यापार पनि गरेको पाईन्छ ।

### १.७.२ सल्लेरी गा.वि.स. को संक्षिप्त परिचय

यो सल्लेरी गा. वि. स. सोलुखुम्वु जिल्लाको सदरमुकाम रहेको गा.वि. स. हो । यहाको प्रायस भूभाग भिरालो छ । शहरीकरणको हिसावले यो गा.वि.स.अगाडि रहेको छ । काठमाण्डौवाट फाप्लुमा हवाई यात्रावाट ओर्लिनासाथ सल्लेरी गा. वि. स.को सुरुवात हुन्छ । यर्हा दिउसोको समयमा हावा चल्ने हुनाले हवाई उडान विहानको समयमा हुने गर्दछ ।

यो गा.वि.स. मा जिल्ला अस्पताल, क्याम्पस लगायत विभिन्न कार्यालयहरु रहेका छन । शिक्षाको हिसाले यहाका ७५ देखि ८० प्रतिशत मानिसहरु साक्षर छन भने यो गा वि समा २२ वटा शैक्षिक संस्थाहरु छन । सोलुखुम्वु वहुमुखी क्याम्पस यो जिल्लाकै पहिलो क्याम्पस हो । यो क्याम्पसमा ओखलढुंगा र दिक्तेल जिल्लावाटसमेत विद्यार्थीहरु उच्च अध्ययनका लागि आउने गर्दछन । यहाँको मुख्य धर्म वौद्ध हो ६०- ७० प्रतिशत मानिसहरुले यो धर्म मानेका छन । यहाँको कुल जनसंख्याको ९५ प्रतिशत आदिवासी जनजातिको हिस्साले ओगटेको छ । शेर्पा, तामाङ, राई, नेवार ,भुजेल लगायतका आदिवासीहरु र क्षत्री वाहुन तथा दलितहरु पनि यहाँका स्थायी वासिन्दा हुन । आपसी सहयोग, मेलमिलाप तथा सहयोगी भावानाका मानिसहरुको वसोवास भएकोले यहांको सामाजिक अवस्था राम्रो छ ।

यहाँ अन्य जिल्लावाट व्यापार व्यावसाय गर्न आउने मानिसहरुको पनि कमी छैन । अधिकाँस गैर सरकारी संस्थाका कार्यालय तथा सामान्य उद्योग धन्दाहरुले पनि यो गा. वि. स. धनी छ । यर्हाको मुख्य पेशा व्यापार, पर्यटन र रोजगारी भएकाले अन्य गा . वि. स. को तुलनामा यहाँको आयस्रोत वढी रहेको छ ।

### १.७.३ श्री  दूधकुण्ड हिमालय निम्न माध्यमिक विद्यालय फाप्लुको संक्षिप्त परिचय

श्री  दूधकुण्ड हिमालय निम्न माध्यमिक विद्यालय समुद्री सतहदेखि  २२०० मिटरको उचाईमा रहेको छ  । यो विद्यालयको स्थापना वि. संस २०३४ सालमा स्थानीयवासीको पहलमा गरिएको थियो । अहिले यस विद्यालयमा  कक्षा ८ सम्म अध्ययन अध्यापन  भईरहेको छ ।  यो विद्यालयमा  जम्मा १२ जना शिक्षक शिक्षिका अध्यापनरत छन भने प्रधानाध्यापक श्री सुनिल कार्की हुनुहुन्छ  । यो विद्यालय  करीव ५ रोपनी जग्गामा फैलिएको छ भने  भौतिक  संरचनाहरु हिमालयन ट्रष्ट  र जिल्ला शिक्षा कार्यालयको सहयोग विद्यालय व्यवस्थापन समितिले निर्माण गरेको छ ।  वि. स. २०६७ मा १८९ विद्यार्थीहरु अध्ययनरत थिए ।

### १.७.३ श्री रमाईलो ज्योति निम्न माध्यमिक विद्यालय जैदुको संक्षिप्त परिचय

श्री रमाईलो ज्योति निम्न माध्यमिक विद्यालय समुद्री सतहवाट करीव २३०० मिटरको उचाईमा छ । यसको क्षेत्रफल २० रोपनी रहेको छ । सदरमुकाम सल्लेरीवा पश्चिमतर्प २ घण्टाको पैदल यात्रा पश्चात यो विद्यालयमा पुगिन्छ । यो विद्यालय स्थानीयवासीहरुले वि. स. २०४५ मा निर्माण गरेका थिए । हाल ८ जना शिक्षकशिक्षका अध्यापन गराईरहेका छन भने १६७ विद्यार्थीहरु पढिरहेका छन । यस विद्यालयको प्रधानाध्यापक रमेश  कुमार थुलुङ हुनुहुन्छ भने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्त्ति  वहादुर विश्वकर्मा हुनुहुन्छ ।

श्री  दूधकुण्ड हिमालय निम्न माध्यमिक विद्यालय फाप्लु र श्री रमाईलो ज्योति निम्न माध्यमिक विद्यालय जैदु दुवै समुदायवाट व्यवस्थापन गरिएका विद्यालयहरु हुन । यी विद्यालयहरुको दुरीगत फरक ४  घण्टा जतिको पैदल यात्रा अनुमान गर्न सकिन्छ भने दुवै विद्यालय सदरमुकाम नजिकैका  विद्यालय मानिन्छन ।

**१.८ शव्दावलीको परिभाषा**

प्राथमि तहः कक्षा १-५ सम्म (६ - १० वर्षका वालवालिका अध्ययन गर्ने) पढाई हुने तह

तालिम : शिक्षकको क्षमता अभिवृद्धि गरी प्रभावकारी शिक्षणका लागि प्रदान गरिने शैक्षिक कार्यकम

प्राथमिक शिक्षकः कक्षा १-५ सम्म पढाउने अनुमति प्राप्त शिक्षक

विशिष्टिकरण तालिकाः अध्ययापन तथा प्रश्नपत्र निर्माणका लागि आवश्यक सामाग्री

BRAIN ZYM : विहान विद्यालय सभामा विद्यार्थीहरुलाई गराईने शारीरिक अभ्यास

जनशक्ति : शिक्षण पेशामा आवश्यक दक्ष मानवीय स्रोत

## अध्याय : दुई
## सम्बन्धित साहित्यको पुनरावलोकन

### २.१ सैद्धान्तिक साहित्य

शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गत जनशक्ति विकाससम्बन्धी शीर्षस्थ संस्थाका रुपमा NCED ले प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुका लागि तालिमका साथै शिक्षा क्षेत्रका समुदाय तहदेखि केन्द्र तहसम्मका मानव संसाधनको कार्यदक्षता अभिवृद्धि गर्न तालिम तथा प्रशिक्षणको आवश्यकता पहिचान, व्यवस्थापन र कार्यान्वयन गर्दै आएकामा अब देखि यसको क्षेत्र निम्नमाध्यमिक तथा माध्यमिक तह र दूर शिक्षा/खुला सिकाइसम्म विस्तार भएको छ। यस केन्द्रले सेवाकालिन तालिम (Inservice refresher primary teacher training) सञ्चालनका क्रममा स्वदेशी एवं विदेशी तालिम संस्थाहरुसँग साझेदारी र सहकार्य नीतिअनुरुप तालिम कार्यक्रमको कार्यान्वयन गर्दै आएको छ । ( वुलेटिन २०६६, शैक्षिक जनशक्ति विकास केन्द्र, सानो ठिमी )

यस अध्ययनको सिलसीलामा शैक्षिक जनशक्ति विकास केन्द्र (NCED) को स्वीकृति र सहयोगमा हिमालयन ट्रष्ट (Himalayan Trust) नेपालले सन ११९८ देखि सोलुखुम्वु जिल्लामा शिक्षा विकासमा टेवा पुर्‍याउने उद्धेश्यले प्राथमिक शिक्षक तालिम सञ्चालन गर्दै आएको छ। यो तालिम विद्यालयमा कार्यरत सवै प्राथमिक तहका शिक्षकहरुलाई विभिन्न विषयहरुमा दिईदै आएको हुँदा सोलुखुम्वु जिल्लाको शैक्षिक स्तरलाई अभिवृद्धि गर्न सहयोग पुगेको छ। शैक्षणिक योजना वनाई योजनावद्ध ढंगवा वालकेन्द्रित शिक्षण गर्न शिक्षकलाई सहयोग मिलेको छ। (Rai & Bhujel N.B. 2009)

हिमालयन ट्रष्टसँगको तालिम कार्यकम पनि यसै नीति अनुसार भएको थियो । जसको योगदान अत्यन्तै महत्वपुर्ण र अतुलनीय भएको स्थानीयवासी तथा शिक्षाप्रेमीवाट थाहा भएको छ। यो अध्ययनको मुख्य उद्धेश्य हिमालयन ट्रष्ट र शैक्षिक जनशक्ति विकास केन्द्रद्धारा सोलुखुम्वु जिल्लामा सन्चालन गरेको प्राथमिक शिक्षक तालिमको कक्षा शिक्षणमा ज्ञान , सीप लगायतका विविध पक्षको तुलनात्मक अध्ययन गर्नु रहेकोले तालिमका आवश्यक पक्षहरुको अध्ययन गरिएको थियो।

पूर्व कार्यको अध्ययन विना वर्तमान कार्य अधुरो भएकाले कुनै पनि अध्ययन अनुसन्धान कार्यको लागि पूर्व कार्यको अध्ययन महत्वपूर्ण हुन्छ । वास्तवमा तालिम, ज्ञान, सीप, प्रवृत्ति र व्यवहारमा परिवर्तन ल्याउने प्रविधि हो । नयाँ प्रविधिहरूलाई समय, काल र परिस्थिति अनुसार अगाडी बढाउने काम तालिमको हो । पेशागत क्षमता अभिवृद्धि गरेर पेशेवर हुनको लागि तालिम जरुर पर्दछ। (तिमिल्सिना, २०६६) नेपालको प्राथमिक शिक्षक तालिमको सन्दर्भमा शैक्षिक जनशक्ति विकास केन्द्र (NCED) र हिमालयन ट्रष्टले प्रदान गरेको प्राथमिक शिक्षक तालिमको तुलनात्मक

अध्ययन वर्णणात्मक ढाँचामा गरिएको छ । अधिकाँस पक्षहरुलाई सरल भाषामा प्रस्तुत गरि यो अध्ययन गरिएको छ । कतिपय तथ्याँकहरुलाई तालिकामासमेत प्रस्तुत गरिएको छ ।

हाम्रो देश नेपाल विकासोन्मुख देश हो । विगत एक दशक यतादेखि देशमा भईरहेको राजनीतिक अस्थिरता तथा शिक्षामाथिको राजनैतिक प्रहार जस्ता कियाकलापले देश अझ पछाडि धकेलिईरहेको अवस्था विद्यमान छ । यस्तो कियाकलापवाट देशको राजनैतिक, आर्थिक, शैक्षिक ,स्वास्थ्य जस्ता विकासका आधारभूत क्षेत्रहरुमा प्रत्यक्ष असर परिरहेको छ । (थापा ,२०६८) यस सन्दर्भमा शैक्षिक क्षेत्र नै वढी प्रभावित भएको छ भन्न कुनै अत्युक्ति हुदैन । त्यसर्थ यस अध्ययनमा यस भन्दा अघि अध्ययन, अनुसन्धान तथा त्यसवाट प्राप्त निष्कर्षहरु जुन तालिमसँग सम्वनिधत छन, जसलाई समावेश गरिएको छ ।

UNESCO Bulletin 2060, अनुसार प्रकाशित लेखका अनुसार शिक्षा मानिसको आधारभूत मानव अधिकार हो तापनि वालिका र महिलाहरु जीवनलाई सुधार्न सक्ने यस्तो शिक्षावाट वञ्चित छन । विश्वभरिका ८६,२०,००,००० निरक्षरहरुमध्ये दुई तिहाई महिलाहरु नै छन । विश्वका नेताहरुले सन २००५ सम्ममा वरावरी संख्यामा केटा र केटीहरुलाई विद्यालयमा प्रवेश गराउने प्रण गरेका थिए भने सन २००३ को शैक्षिक नारा वालिका शिक्षाका लागि रहेको थियो । विद्यालयमा गुणस्तरीय शिक्षाका लागि तालिम प्राप्त शिक्षकको आवश्यकता पर्दछ ।

CERID, 1997 को शिक्षक तालिम सँग सम्वधित अध्ययनका अनुसार विद्यालय शिक्षाको अवसर पाएका छात्राहरुको प्रवेशिका परीक्षा उतीर्ण प्रतिशत केटाको तुलनामा कम रहेको पाईन्छ । अझ पहाडी जिल्लाहरुमा झन कम पाईन्छ । जसले पनि विद्यालय शिक्षामा शिक्षक तालिमको खाँचोलाई दर्शाउन खोजेको छ ।

शिक्षामा समान अवसर वालवालिकाको आधारभूत आवश्यकता हो । उनीहरुको शिक्षामा गरिएको लगानीले दीर्घकालीन रुपमा मुलुकको आर्थिक तथा सामाजिक क्षेत्रमा ज्यादै ठूलो सहयोग पर्‍याउछ । व्यक्ति, परिवार समाजमा परिवर्तन ल्याउछ । जसका लागि प्राथमिक शिक्षक तालिमको महत्वपूर्ण स्थान हुने अध्ययनले देखाएको छ । कार्की (२०६७ )

श्रेष्ठ , (२०६६) का अनुसार दूर भन्नाले टाढा भन्ने बझिन्छ । टाढा वा दूर भन्नाले दुर्गम स्थानहरु बुझ्नु पर्ने हुन्छ । यसरी दर्गम क्षेत्रका मानिसहरुलाइ प्रदान गरिने शिक्षा नै द्रुर शिक्षा हो । विकट ठाउँहरु जहाँ शिक्षण संक्षण संस्था खोल्न सकिदैन , खोले पनि सहभागिहरु कम हुन्छन । तालिम प्राप्त शिक्षकहरु पाइदैन र जान मान्दैनन लगानी र उत्पादनको अनुपात मिल्दैन ,त्यस्ता दुर्गम र आपाएक क्षेत्रहरुमा सिकाइको अवसर प्रदान गर्न यस्तो शिक्षाको व्यवस्था गरिएको हुन्छ । यसरी विद्यालय अभाव, आवश्यक शिक्षक दरवन्दी नहुनु , भौतिक सुविधाको अभाव भएको ठाउमा यस्तो शिक्षाको जरुरत पर्दछ । समय तथा गरिवि र भौगोलिक कारणले सिकारु स्वयम विद्यालय जान नसक्नु जस्ता विभिन्न समस्यामा परेकाहरुलाई घरमै बसेर आवश्यक ज्ञान लिन पाउने भएकोले शिक्षाका वैकल्पिक उपायहरुमध्ये यसलाई पनि महत्वपुर्ण मानिन्छ । यस्तो शिक्षा दुर्गम

स्थानमा बसोबास गरेकाहरुलाई शिक्षित बनाउन आवश्यक ज्ञान र सीप प्रदान गर्न वदलिदो समय तथा परिस्थिति अनुसार विभिन्न जानकारीहरु दिने रोजगारी र व्यवसायमुलक कार्यक्रम सञ्चालन गरी यस सम्बन्धि जानकारी दिन ज्यादै उपयोगी हुन्छ । जसका लागि शिक्षक तालिमको व्यापक महत्व हुन्छ ।

## २.२ पुर्व अध्ययनको पुनरावलोकन

गौतम (२०६७) ले सल्यान जिल्लालाई अध्ययन क्षेत्र वनाई प्रारम्भिक वाल विकास कार्वान्वियन सम्बन्धमा अध्ययन गर्नु भएको थियो । यस अध्ययनमा दुइवटा उद्धेश्य चयन गरेको पाइयो । ती उद्धेश्यहरुमा प्रारम्भिक वालविकास पठ्यक्रम कार्यान्वयनको वर्तमान अवस्थाको पहिचान गर्न र दोस्रो कार्यान्वयनमा आइपरेका समस्या र समाधानका लागि अपनाइएका उपायहरु पहिचान गर्नु थिए । यो अध्ययनका लागि प्रश्नावली ,दस्तावेज फाराम , कक्षा अवलोकन फाराम जस्ता साधनहरुको निर्माण गरी प्रयोग गरेको थियो । उहाँको अध्ययनमा वालविकास केन्द्रहरुमा पाठय्क्रम कार्वान्वयनमा प्रत्यक्ष प्रभाव पर्ने भौतिक तथा शैक्षिक अवस्था कमजोर रहेको भवनको अभाव कक्षाकोठा ,फर्निचर खानेपानी र सौचालय व्यवस्था र प्रयाप्त वालमैत्रि हुन नसकेको दक्षताको आभावले उपलव्ध साधन स्रोतको सहि कार्यान्वयन नभएका पाठ्यक्रममा नै नभएको, स्वस्थ्य परीक्षण र पौष्टिक आहारको व्यवस्था हुन नसकेको पाइएको निष्कर्ष प्रस्तुत गरिएको छ ।

थापा (२०६८) ले सामुदायिक र संस्थागत माध्यामिक विद्यालयका छात्राहरुको शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन गरेका थिए । उनले त्यस अध्ययनमा सामुदायिक तथा संस्थागत माध्यामिक विद्यालयका छात्राहरुको सहभागीताको अवस्था पत्ता लगाउने र सामुदायिक र संस्थागत माध्यामिक विद्यालयका छात्राहरुको शैक्षिक उपलब्धिको अवस्था पत्ता लगाउने दुई वटा उद्देश्यहरु थिए । यी उद्धेयहरु परिपुर्तिका लागि उनले काठमाडौं उपत्यकाका २ वटा विद्यालयहरु एउटा सामुदायिक र अर्को संस्थागत लिएका थिए जहा उनी आफै गई स्थलगत सर्वेक्षण गरेको पाइयो । यो अध्ययनका लागि प्रश्नावली ,दस्तावेज फाराम , कक्षा अवलोकन फाराम जस्ता साधनहरुको निर्माण गरी प्रयोग गरेको थियो । उनले यस अध्ययनवाट राज्यले सवैका लागि समान शिक्षा भनेर घोषणा गरेता पनि यो व्यहारमा पनि त्यति प्रयोग नभई कतिपए छोरीहरुले शिक्षाको उज्यालो घामबाट टाढा रहनु परको निष्कर्ष निकालेको थिए ।


खतिवडा (२०६३)ले पूर्व प्राथमिक शिक्षाको प्रभाव एक अध्ययन शीर्षकमा रहेर धनकुटा जिल्लालाई अध्ययन क्षेत्र वनाई अध्ययन गरेको थियो । निजले २ वटा उद्देश्य चयन गरेको पाइयो । जसमा पूर्व प्राथमिक शिक्षाको प्रभावको पहिचान गर्ने र दोस्रो पूर्व प्राथमिक शिक्षाको प्रभाव बालवालिकाहरुमा सकारात्मक परेको र वालवालिकालाई उच्च शिक्षाको वास्तविक आधार प्रदान गरेको देखाइएको छ । यो अध्ययनका लागि प्रश्नावली ,दस्तावेज फाराम , कक्षा अवलोकन फाराम जस्ता साधनहरुको निर्माण गरी प्रयोग गरेको थियो । उहाँको यो अध्ययनवाट के कुरा प्राप्ति

देखिन्छ भने जसले पूर्व प्रथामिक शिक्षा  प्राप्त गरेको छ त्यो वालकले प्राथमिक शिक्षा अध्ययनमा उत्कृष्ट भएको भनि उल्लेख गरिएको छ । विभिन्न सामस्या र वाध्यताका वावजुत पनि पूर्व प्राथमिक शिक्षा कार्वान्वयन भएको र त्यस्ता समस्या समाधान गर्न सके पूर्व प्राथमिक शिक्षाले गतिशिलता प्राप्त गर्ने र प्रभावकारीता अझ वढ्ने जस्ता अन्य विविध सुझाव पनि दिइएको छ । अध्ययनकर्ताले पूर्व प्राथमिक शिक्षा प्राप्त गरेको वालवालीका विचमा शारीरिक, मानसिक, संवेगात्मक ,सामाजिक जस्ता विकासमा अन्तर हुने निष्कर्ष उल्लेख गरिएको छ ।

## २.३  अवधारणात्मक रुपरेखा

यस अध्ययनसँग सम्वन्धित पुर्व अनुसन्धानको आधारमा NCED तथा HTN ले सोलुखुम्वु जिल्लामा सन्चालन  गरेको प्राथमिक प्राथमिक शिक्षक तालिमको उपलव्धि पत्ता लगाउन अवधारणात्मक रुपरेखा (Conceptual Framework)  तयार गरिने छ । जसवाट विद्यालयमा मूल्यांकन प्रणाली (Evaluation system), शैक्षिक क्रियाकलाप, अतिरिक्त  क्रियाकलाप (Exra curricular Activities), शिक्षकको तालिममा सहभागीता, सुपरिवेक्षण तथा अनुगमन (Monitoring and supervision)  आदि क्रियाकलापको वारेमा जानकारी भएको छ ।

NCED  तथा HTN ले सञ्चालन गरेको प्राथमिक शिक्षक  तालिमको उपलव्धिको तुलनात्मक अध्ययन गर्न निम्नवमोजिमको अवधारणात्मक ढाँचा अवलम्वन गरिएको छ ।



# अध्याय : तीन
# अध्ययन विधि

अध्ययन अनुसन्धानलाई सहज तरिकाले सम्पन्न गर्नका लागि निश्चित तरिका तथा विधिको प्रयोग गर्ने गरिन्छ । अध्ययन गर्ने विधि एवं तौर तरिकाहरु अध्ययनको उद्धेश्य, अनुसन्धानको प्रकृति, अनुसन्धानकर्ताको रुचि र आवश्यकतामा निर्भर रहेको हुन्छ । अध्ययन विधिले अनुसन्धानलाई सहज तथा सरल तरिकाले सञ्चालन गर्न महत्वपूर्ण भुमिका खेल्दछ ।

## ३.१ अध्ययन ढाँचा

सोलुखुम्वु जिल्लामा शैक्षिक जनशक्ति विकास केन्द्र र हिमालयन ट्रष्टले प्रदान गरेको प्राथमिक शिक्षक तालिमवाट शिक्षकहरुले सिकेका ज्ञान, सीप तथा विविध पक्षहरुको शिक्षण कार्यमा प्रत्यक्ष असर पर्दछ । त्यसैले दुवै निकायको तालिमवाट सिकेका ज्ञान , सीपहरुको व्यवहारिक प्रयोग कसरी भईहेको छ ? विद्यालयको व्यवस्थापन तथा पाठ्यक्रमको कार्यान्वयन र विद्यालयमा आउने तनाव तथा समस्याकोवारेमा शिक्षकहरुले कसरी कार्य गर्दै गरेका छन ? र यसवाट विद्यालय स्वच्छ शैक्षिक वातावरणमा सञ्चालित भईरहेको छ ? यी लगायत अन्य विविध पक्षको कक्षाकोठामा कसरी स्थानान्तर भएका छ ? भन्ने वारेमा तुलनात्मक अध्ययन गर्ने क्रममा तालिमका प्रतिवेदनहरू, लेखरचना तथा बुलेटिन र अन्य डकुमेन्टहरूलाई गौण सामग्री (Secoondary information) को रुपमा र अनुसन्धानको क्रममा आफैले अध्ययन क्षेत्रमा संकलन गरेका यथार्थ विवरणलाई प्राथमिक सामग्रीहरू (Primary Informations) को रुपमा लिइएको छ । दुवै प्राथमिक तथा गौण तथ्यांकहरूलाई अध्ययनको कममा विश्लेषण गर्नको लागि वर्णनात्मक विधि (Descriptive method) को प्रयोग गरिएको छ । उक्त विधिबाट सबै सरोकारवालाहरूले बुझ्न सरल भाषामा व्याख्या गरि आवश्यकता अनुसार तथ्याङक्हरुलाई गणितीय विधि वा परिमाणात्मक विधि (Quantitative Design) कोसाथमा विभिन्न सूचनाहरुलाई तालिककीकरण समेत गरेर यो अध्ययन तयार गरिएको छ । जसवाट विद्यालयमा मूल्यांकन प्रणाली (Evaluation system), शैक्षिक कियाकलाप, अतिरिक्त कियाकलाप (Exra curricular Activities), शिक्षकको तालिममा सहभागीता, सुपरिवेक्षण तथा अनुगमन (Monitoring and supervision) आदि क्रियाकलापको वारेमा जानकारी भएको छ । जसका लागि शिक्षक, प्रधानाध्यापक, स्रोतव्यक्ति साथै विद्यार्थीहरुलाई सूचनाको स्रोतको रुपमा छनौट गरिएको थियो । स्थलगत अध्ययन दस्तावेजको अध्ययनवाट तथा कक्षा अवलोकनको सहायतावाट प्राप्त भएको विवरण एवं सूचनाहरुलाई निम्न लिखित स्रोत र साधन प्रयोग गरि व्याख्या र विश्लेषण गरिएको छ ।

| उद्धेश्य | सूचनाको स्रोत | साधन |
|---|---|---|
| क) शैक्षिक जनशक्ति विकास केन्द्र र हिमालयन ट्रष्टले प्रदान गरेको प्राथमिक शिक्षक ज्ञान , सीपको अवस्था पत्ता लगाउने । | प्र.अ. शिक्षक ,स्रोत व्यक्ति , प्रतिवेदन | अन्तर्वाता, दस्तावेज |
| ख) शैक्षिक जनशक्ति विकास केन्द्र र हिमालयन ट्रष्टले प्रदान गरेको प्राथमिक शिक्षक ज्ञान , सीपको कक्षाकोठामा स्थानान्तरणको अवस्था पहिचान गर्ने । | प्र.अ. शिक्षक , स्रोत व्यक्ति , विद्यार्थी , प्रतिवेदन तथा दस्तावेज अध्ययन | अन्तर्वार्ता, कक्षा अवलोकन |

## ३.२ नमूना छनोट

कुनै पनि विषय अन्तर्गत एउटा निश्चित समयमा अध्ययन अनुसन्धान गर्दा समस्याको पुरै भागको अध्ययन व्यवहारिक रुपले कठिन हुन्छ । अध्ययनका विभिन्न चरणहरु नियन्त्रण गर्न कठिन हुन्छ । साथै खर्च ,समय , कार्यको हिसावले जटिल र महगो हुन्छ । यस्तो परिस्थितिमा प्रस्तावित अध्ययनको क्षेत्रवाट प्रतिनिधित्व हुने गरी नमुना छनौट गरी अनुसन्धान गर्ने कार्यले प्रयोगात्मक रुपमा सरलता प्राप्त हुन्छ । यस अध्ययनको लागि सोलुखुम्बु जिल्लाका शैक्षिक निकायहरूसँग सम्बन्धित स्रोत व्यक्तिहरूलाई छनोट गरिएको थियो । अध्ययनको लागि विद्यालय छनोट गर्दा Purporsive sampling विधि अपनाइ सोलुखुम्बु जिल्लाका २ वटा विद्यालयहरूलाई लिइएको थियो । किनभने भौगोलिक विकटता, स्रोत र साधनलाई मध्यनजर राखी अध्ययान गर्नु अपरिहार्य भएकाले Random sampling method को प्रयोग सम्भव नहुने देखिएको हो । साथै शिक्षक, प्रधानाध्यापक, प्रशिक्षक, स्रोत व्यक्तिहरू तथा विद्यार्थीहरुलाई समेत छनोट गरिएको थियो । सोलुखुम्वु जिल्लाको सदरमुकाम सल्लेरी (समुद्री सतहदेखि २००० मिटर देखि २२०० मिटर) सम्मका विद्यालयहरुलाई अध्ययन क्षेत्रको रुपमा लिएको थियो ।

### ३.२.१ विद्यालयको छनौट

सोलुखुम्वु जिल्लाका हिमालयन ट्रष्ट र शैक्षिक जनशक्ति केन्द्रले प्राथमिक शिक्षक तालिम प्रदान गरिसकेका विद्यालयहरुमध्येवाट Random sampling method प्रयोग गरि श्री दुधकुण्ड हिमालय निम्न माध्यमिक विद्यालय फाप्लु र प्रयोग गरि श्री रमाईलो ज्योति निम्न माध्यमिक विद्यालय जैदुलाई ६५ वटा विद्यालयहरु मध्ये चिठ्ठाको प्रयोग गरि छानिएको थियो ।

### ३.२.२ प्रधानाध्यापक छनौट

छनौटमा परेका विद्यालयहरुका NCED तथा HTN को तालिममा व्यवस्थापकीय सहयोग गरेका तथा तालिम पनि लिएका प्रधानाध्यापकहरु जसले छोटो र लामो अवधिको तालिम लिइसकेकाछन उनीहरुलाई छानिएको थियो ।

### ३.२.३ शिक्षक छनौट

छनौटमा परेका विद्यालयहरुका NCED वाट तालिम लिएका शिक्षकहरु तथा HTN को तालिम लिएका शिक्षकहरु मध्येवाट २/ २ जनाको दरले छानिएको थियो । जसमध्ये हिमालयन ट्रष्टवाट तालिम लिएका महिला १ र पुरुष १ साथै NCED वाट तालिम लिएका महिला १ र पुरुष १ प्रत्येक विद्यालयवाट छानिएको थियो ।

### ३.२.४ स्रोत व्यक्तिको छनौट

शैक्षिक जनशक्ति विकास केन्द्र तथा हिमालयन ट्रष्टले प्रदान गरेको प्राथमिक शिक्षक तालिम अनुगमन तथा सुपरिवेक्षण गरेको आधारमा कार्यरत जिल्ला शिक्षा कार्यालय सोलुखुम्वुका अगुवा स्रोतकेन्द्र सल्लेरीका स्रोत व्यक्तिलाई छनौट गरिएको थियो ।

### ३.२.५ विद्यार्थीहरुको छनौट

यो अध्ययनको सिलसिलामा नियमित रुपमा विद्यालयमा अध्ययन गरिरहेका कक्षा ४ र ५ का विद्यार्थीहरुलाई छनौट गरिएको थियो । Random sampling method अनुसार छनौटमा परेका विद्यालयका ४ /४ जना छात्र र ४ /४ जना छात्राहरुलाई छानिएको थियो ।

## ३.३ साधनको निर्माण

यस अध्ययनका लागि निम्न साधनहरुको निर्माण तथा उक्त साधनहरुको प्रयोग गरि आवश्यक तथ्यांक संकलन गरिएको थियो ।

### ३.३.१ हिमालयन ट्रष्टवाटमात्र तालिम प्राप्त तथा शैक्षिक जनशक्ति विकासकेन्द्रवाट गरेका शिक्षकहरुको लागि अन्तर्वार्ता प्रश्नावली

यस अध्ययनको नमुना छनौटमा परेका विद्यालयहरुवाट हिमालयन ट्रष्टवाटमात्र तालिम प्राप्त गरेका शिक्षकहरुको लागि अन्तर्वार्ता प्रश्नावली निर्माण गरि तालिमको उद्धेश्य , समय , वलिया पक्षहरु , कम्जोर पक्षहरु , लालिमका उपलव्धि, शैक्षिक सामाग्रीको वारेमा सोधिएको थियो । साथै अध्ययनको नमुना छनौटमा परेका विद्यालयहरुवाट शैक्षिक जनशक्ति विकासकेन्द्रवाट मात्र तालिम प्राप्त गरेका शिक्षकहरुको लागि अन्तर्वार्ता प्रश्नावली निर्माण गरि तालिमको उद्धेश्य ,

समय , वलिया पक्षहरु , कम्जोर पक्षहरु , लालिमका  उपलब्धि, शैक्षिक सामाग्रीको वारेमा सोधिएको थियो । जुन प्रश्नावलीलाई अनुसूची १ मा राखिएको छ  ।

### ३.३.३ प्रधानाध्यापकको लागि अन्तर्वार्ता  प्रश्नावली

यस अध्ययनको नमुना छनौटमा परेका विद्यालयहरुका प्र.अ. हरुलाई शैक्षिक जनशक्ति विकासकेन्द्र र HTN वाट तालिम प्राप्त गरेका शिक्षकहरुको विद्यालयमा भुमिका , शैक्षिक व्यवस्थापन, सरकारी तथा गैर सरकारी निकायले सन्चालन गरेको शिक्षक तालिमको उपलब्धि, विद्यालयमा आएका परिवर्तन  र कक्षा अवलोकन आदिकावारेमा अन्तर्वार्ता  प्रश्नावली निर्माण गरि सूचना संकलन गरिएको थियो । जुन प्रश्नावलीलाई अनुसूची २ मा राखिएको छ  ।

### ३.३.४ स्रोत व्यक्तिको लागि अन्तर्वार्ता  प्रश्नावली

यस अध्ययनको नमुना छनौटमा परेका विद्यालयहरुका स्रोत व्यक्तिलाई शैक्षिक जनशक्ति विकासकेन्द्र र HTN वाट तालिम प्राप्त गरेका शिक्षकहरुको विद्यालयमा भुमिका , विद्यालयमा आएका परिवर्तन  र कक्षा अवलोक, सुपरिवेक्षण तथा मूल्यांकन , अनुगमन सरकारी तथा गैर सरकारी निकायले सन्चालन गरेको शिक्षक तालिमको उपलब्धि आदिकावारेमा अन्तर्वार्ता  प्रश्नावली निर्माण गरि सूचना संकलन गरिएको थियो । जुन प्रश्नावलीलाई अनुसूची ३ मा राखिएको छ  ।

### ३.३.५ विद्यार्थीहरुको लागि अन्तर्वार्ता  प्रश्नावली

यस अध्ययनको नमुना छनौटमा परेका विद्यालयहरुका विद्यार्थीहरुलाई खेलकुद , सामाग्री, अतिरिक्त कियाकलाप , नियमितता, अविभावकको पेशा आदिकावारेमा अन्तर्वार्ता  प्रश्नावली निर्माण गरि सूचना संकलन गरिएको थियो । जुन प्रश्नावलीलाई अनुसूची ४ मा राखिएको छ  ।

### ३.३.५ कक्षा अवलोकन फाराम

यस अध्ययनको नमुना छनौटमा परेका विद्यालयहरुका शिक्षकहरुको कक्षा अवलोकन  गरी सूचना संकलन गरिएको थियो ।  जसका लागि अवलोकन  फाराको निर्माण गरिएको थियो । जुन फारमलाई अनुसूची ५ मा राखिएको छ  ।

## ३.४ तथ्यांक संकलन  प्रक्रिया

यस अध्ययनको तथ्यांक संकलन गर्नका लागि स्वयम अध्ययन स्थलमा गएर प्राथमिक तथ्यांक तथा विद्यालयको अभिलेख र दस्तावेजवाट द्धितीय सूचनाहरु संकलन गरिएको थियो ।

### ३.४.१ प्रत्यक्ष अवलोकन

शैक्षिक जनशक्ति विकास केन्द्र (NCED) र हिमालयन ट्रष्ट (HTN) बाट तालिम प्राप्त गरिसकेका शिक्षकशिक्षिका भएका विद्यालयहरूमा प्रधानाध्यापकसँग अनुमति लिई कक्षाकोठामा प्रत्यक्ष अवलोकन समेत गरी सूचना संकलन गरिएको थियो । यस अवलोकनको क्रममा NCED बाट मात्र तालिम लिएका तथा Himalayan Trust बाट मात्र तालिम लिएका शिक्षकहरूको कक्षा अवलोकन गरिएको थियो । उक्त अवलोकनबाट देखिएका महत्वपूर्ण कुराहरूलाई टिपोट गरी अध्ययन अनुसन्धानको उद्देश्य अनुसार अध्ययनमा समावेश गरिएको थियो ।

### ३.४.२ सामग्रीको विश्लेषण

अध्ययनको क्रममा सामाग्रीहरुको विश्लेषण गरी आएका महत्वपूर्ण पक्षहरुलाइ समेट्नु पर्दछ । जसको शिलसिलाा शैक्षिक जनशक्ति विकास केन्द्र र हिमालयन ट्रष्टले प्राथमिक शिक्षक तालिमको लागि तयार पारेका तालिम पुस्तिकाहरूको अध्ययन गरेर विश्लेषण गरिएको साथै सम्बन्धित विषयका पाठ्यपुस्तक, लेख, रचना, बुलेटिन आदिको पनि अध्ययन गरिएको छ । अनुसन्धानकर्ता आफैंले प्रत्यक्ष रुपमा प्राप्त गरेका कुराहरुलाई आधार वनाई क्रमिक रुपमा विश्लेषणका लागि अध्ययनबाट प्राप्त महत्वपूर्ण बुँदाहरू टिपोट गरी शोध प्रतिवेदनमा क्रम मिलाएर उल्लेख गरी विश्लेषण (Document Analysis ) गरिएको छ ।

## ३.५ सूचनाको वैधता

यो अध्ययनको लागि छनौटमा परेका विद्यालयमा सूचना संकलनका लागि कक्षा अवलोकन फाराम , अन्तर्वार्ताको लागि प्रश्नावली वनाइएको थियो र यी साधनहरुलाई सर्वप्रथम सहपाटी साथीहरुसँग छलफल गरी शोध निर्देशक समक्ष देखाई उहाँको सल्लाह, सुझाव तथा निर्देशन वमोजिम सुधार गरी प्रयोगमा ल्याई सुचनाको संकलन गरिएको थियो ।

## ३.६ नैतिकताको मापदण्ड

तथ्यांक संकलन गर्ने क्रममा सूचनादाताहरु कसैलाई पनि दवाव दिएर तथ्यांक लिएको थिएन र प्राप्त तथ्यांकको गोपनीयता सम्वन्धी विश्वास दिलाईएको थियो । तथ्यांक विश्वसनीय वनाउन एक भन्दा वढी स्रोतवाट प्रमाणीकरण गर्ने प्रयास गरिएको थियो ।

## अध्याय : चार

## सूचनाको व्याख्या र विश्लेषण

शैक्षिक जनशक्ति विकास केन्द्र र हिमालयन ट्रष्टलेले प्रदान गरेको प्राथमिक शिक्षक तालिमको उपलब्धिको तुलनात्मक अध्ययनको कममा छनौटमा परेका विद्यालयहरुका प्रधानाध्यपक, कार्यरत शिक्षक, स्रोत व्यक्ति, विद्यार्थी , प्रतिवेदन तथा दस्तावेज अध्ययन आदिवाट प्राप्त सूचनाहरुसाथै कक्षा अवलोकन फारामको प्रयोगवाट प्राप्त गरिएको सूचनाहरुलाई तालिकीकरण गरि व्याख्यात्मक तथा आवश्यकताअनुसार तथ्यांकशास्त्रीय विधिको समेत प्रयोग गरि विश्लेषण गरिएको छ ।

हिमालयन ट्रष्ट तथा शैक्षिक जनशक्ति विकास केन्द्रवाट प्रदान गरिएको तालिमको प्रकृति, सहभागीहरुको विवरण, तालिमको उपलब्धिको विवरण ,कक्षा अवलोकनवाट प्राप्त नतिजा, वालवालिकाको शैक्षिक उपलब्धिमा अविभावकको भुमिका, शिक्षकले विद्यार्थीलाई शिक्षाप्रति गराएको उत्प्रेणा, विविध शिक्षण क्रियाकलाप जस्ता पक्षहरुलाई यस अध्ययनमा समावेश गरिएको छ जसका लागि स्वयं आफै छनौटमा परेका विद्यालयहरुमा गई स्थलगत भ्रमण र अवलोकनवाट सूचनाको संकलन गरिएको थियो ।

### ४.१ NCED तथा HTN वाट प्रदान गरिएको प्राथमिक शिक्षक तालिमको प्रकृतिको विवरण

यस अध्ययनमा छानिएका दुईवटा विद्यालयहरुमा NCED तथा HTN वाट प्रदान गरिएको प्राथमिक शिक्षक तालिमको प्रकृतिको विवरण अनुसन्धानका लागि आवश्यक भएकोले यसको तालिमको प्रकृति संकलन गरि विश्लेषण गरिएको छ । यी निकायहरुले प्रदान गरेको तालिमको समय अवधि र विशेषताहरु फरक थिए तर तालिमका विषयवस्तुमा भने मेल थियो । जुन विवरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १**

**NCED तथा HTN वाट प्रदान गरिएको प्राथमिक शिक्षक तालिमको प्रकृतिको विवरण**

| NCED वाट प्रदान गरिएको प्राथमिक शिक्षक तालिमको प्रकृति | HTN वाट प्रदान गरिएको प्राथमिक शिक्षक तालिमको प्रकृति |
|---|---|
| - २.५ महिने प्याकेजमा आधारित<br>- वर्षमा १ पटक प्रदान गरिने<br>- सरकारी स्थायी शिक्षकहरुलाई मात्र दिइने<br>- तालिम अनुगमनको व्यवस्था कम हुने | - एक हप्ते व्यवस्थापकीय तथा विषयगत<br>- शिक्षकको माग र आवश्यकता अनुसार वर्षमा ३ पटक सम्म प्रदान गरिने<br>- पुर्नताजगी तालिम्<br>- विद्यालयमा कार्यरत सवै शिक्षकहरुको लागि दिईने<br>- प्रशिक्षकहरुवा नियमित अनुगमन तथा सुपरिवेक्षण गरिने<br>- विद्यालयको लागि आवश्यक शैक्षिक सामाग्री प्रदान गरिने<br>- वालमैत्री शिक्षणमा आधारित<br>- विद्यार्थी नियमिततामा जोड<br>- विद्यालय सहयोगमा आधारित |

तालिमको उपलब्धिको तुलनात्मक अध्ययनका लागि दुवै निकायवाट प्रदान गरिएको तालिमको प्रकृतिको अध्ययन गरिएको थियो । जसवाट NCED ले नेपालका सरकारी विद्यालयहरुका स्थायी शिक्षकहरुलाई उनीहरुको पेशागत वृद्धिका लागि तालिम दिएको देखियो भने अहिले सरकारको शिक्षा नीति परिवर्तन भए पश्चात महिला अस्थायी शिक्षिकाहरुलाई पनि तालिम प्रदान गर्ने गरेको पाईयो । अध्ययनको शिलसिलामा सहभागीहरुले तालिमको अनुगमन नभएको वताएका थिए । तर हिमालयन ट्रष्टवाट प्रदान गरिएको तालिम विद्यालयको मागमा आधारित सवै शिक्षकहरुका लागि थियो । यसले आवश्यक शैक्षिक सामाग्री तथा नियमित अनुगमन तथा सुपरिवेक्षण गरेको थियो । विद्यालयमा वार्षिक कार्ययोजना, दैनिक पाठ्योजना , विशिष्टिकरण तालिकाको प्रयोग जस्ता पक्षहरुलाई जोड दिनमा हिमालयन ट्रष्टले योगदान दिएको थियो । अझ यसको प्रभावकारी पक्ष भनेको वालमैत्री शिक्षण तथा वहुकक्षा शिक्षण रहेको थियो । तालिमका विशेषताका आधारमा र विद्यालयमा आएको परिवर्तनका आधारमा तालिमको उपलब्धि विद्यालय र

विद्यार्थीहरुको फाईदाका पक्षमा भएको पहिचान भएको छ । विशेष गरि हिमालयन ट्रष्टको तालिम पश्चात शिक्षकहरुमा विद्यार्थीहरुलाई पढाइप्रति आकर्षित तथा उत्प्रेरित गर्ने सीपको विकास भएको पाईयो ।

### ४.२ **शिक्षकहरुको तालिमको विवरण**

यस अध्ययनमा छानिएका २ वटा विद्यालयहरु श्री दुधकुण्ड हिमालय निम्न माध्यमिक विद्यालय फाप्लु सल्लेरी -२ र श्री रमाईलो ज्योति निम्न माध्यमिक विद्यालय सल्लेरी -५, जैदु मा २०६५ देखि २०६७ सम्म हिमालयन ट्रष्ट तथा शैक्षिक जनशक्ति विकास केन्द्रवाट प्राथमिक शिक्षक तालिम लिएका शिक्षकहरुको विवरण सम्वन्धी तथ्यांकलाई विश्लेषण गरिएको थियो । यस सुचनावाट कुन विद्यालयवाट कति शिक्षकहरुले ( कति महिला र कति पुरुषले ) तालिम प्राप्त गरेका थिए भन्नेवारे थाहा पाइयो र जुन सूचनाले तालिमको उपलव्धि पत्ता लगाउनका लागि सहयोग गऱ्यो । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. २

४.२(क) **श्री दुधकुण्ड हिमालय निम्न माध्यमिक विद्यालय फाप्लुका शिक्षकहरुको तालिमको विवरण**

| साल | कुल शिक्षक | NCED वाट तालिम लिएका | | HTN वाट तालिम लिएका | |
|---|---|---|---|---|---|
| | | पु. | म. | पु. | म. |
| २०६५ | ११ | १ | १ | ४ | ५ |
| २०६६ | १२ | ० | १ | ५ | ५ |
| २०६७ | १२ | ० | ० | ४ | ५ |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

यो अध्ययन सोलुखुम्वु जिल्लाको सदरमुकाम सल्लेरीवाट उत्तरतर्फ रहेको श्री दूधकुण्ड हिमालय निम्न माध्यमिक विद्यालयमा गरिएको थियो । उक्त विद्यालयमा २०६५ सालमा ११ र २०६६ र २०६७ सालमा १२-१२ जना शिक्षकहरु थिए भने NCED वाट तालिम लिएका २०६५ सालमा २ जना २०६६ सालमा १ जना थिए भने २०६७ सालमा भने कुनै पनि शिक्षकको सहभागीता थिएन । HTN वाट तालिम लिएका २०६५ सालमा ९ जना २०६६ सालमा १० जना थिए भने २०६७ सालमा ९ जना शिक्षकशिक्षिकाहरुको सहभागीता थियो । HTN वाट सन्चालित तालिम छोटो अवधिको थियो भने यो तालिम पटक - पटक गरेर अंग्रेजी, गणित, विज्ञान, सामाजिक लगाएका विषयमा गराईएको थियो । यो तालिक प्रयोगात्मक तथा वालकेन्द्रित शिक्षण विधि अनुसार भएको थियो । NCED को तालिम २.५ महिना लामो अवधिको शिक्षकको क्षमता

वृद्धि गरी उनीहरुको स्तरोन्नतिका लागि सन्चालन गरिएको थियो । जसवाट फर्किएपछि सरकारी दरवन्दीको स्थायी शिक्षकलाई वढुवाको व्यापक चासो हुने,विद्यालयको अलवा जिल्ला शिक्षा कार्यलयप्रति वढी जिम्मेवार भई रहेको अवस्था पनि पाईयो ।

तालिका नं. ३

४.२(ख) **श्री रमाईलो ज्योति निम्न माध्यमिक विद्यालय सल्लेरी ५, जैदुका शिक्षकहरुको तालिमको विवरण**

| साल २०६५ | कुल शिक्षक | NCED वाट तालिम लिएका | | HTN वाट तालिम लिएका | |
|---|---|---|---|---|---|
| | | पु. | म. | पु. | म. |
| २०६५ | ७ | १ | १ | १ | ४ |
| २०६६ | ७ | ० | ० | १ | ४ |
| २०६७ | ८ | ० | ० | १ | ३ |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

### ४.३ विद्यालयमा आएको शैक्षिक परिवर्तन

शैक्षिक सामाग्रीको प्रयोग, दैनिक पाठयोजना निर्माण, विशिष्टिकरण तालिकाको प्रयोग, शिक्षक निर्देशिकाको प्रयोग , कक्षाकोठाको व्यवस्थापन, अतिरिक्त क्रियाकलाप, शिक्षकले विद्यार्थीलाई जगाएको उत्प्रेरणा आदि पक्षमा विद्यालयहरुमा कस्तो किसिमको शैक्षिक परिवर्तन आयो भन्ने कुरालाई विश्लेषण गरिएको छ। NCED र HTN को प्राथमिक शिक्षक तालिमवाट शिक्षणमा भएको स्थानान्तरलाई तुलनात्मक विश्लेषण गरिएको छ जुन निम्न तालिकाहरुमा देखाईएको छ।

तालिका नं. ४

**NCED तथा HTN वाट प्राथमिक शिक्षक तालिम लिएका शिक्षकहरुको अवलोनवाट प्राप्त कक्षा ज्ञान, सीपको तुलनात्मक विवरण**

| क्र.स. | विषयवस्तु | मापनको सूचक | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | E | VG | | G | | | | |
| | | NCED | HTN | NCED | HTN | NCED | HTN | NCED | HTN |
| १. | दैनिक पाठयोजना निर्माण | | | 60% | 65% | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २. | शैक्षिक सामाग्रीको प्रयोग | | | | 67% | 55% | | | |
| ३ | विशिष्टिकरण तालिककाको प्रयोग | 80% | 80% | | | | | | |
| ४ | कक्षाकोठाको व्यवस्थापन | 80% | 80% | | | | | | |
| ५ | तनाव व्यवस्थापन | | | 75% | 76% | | | | |
| ६ | अतिरिक्त कियाकलाप | 80% | 80% | | | | | | |
| ७ | शैक्षिक भ्रमण | | | | | 50% | 50% | | |
| ८ | वालमैत्री शिक्षण | | 80% | | | 58% | | | |
| ९ | Brain zym | 80% | 80% | | | | | | |
| १० | वहुकक्षा शिक्षण | | | | | | | 40% | 36% |
| ११ | सिर्जनात्मक कार्य | | | | | | | 40% | 39% |
| १२ | सहकार्य | 80% | 85% | | | | | | |
| १३ | नियमितता | 95% | 95% | | | | | | |
| १४ | वार्षिक कार्ययोजना | | 80% | | | 58% | | | |
| १५ | उत्प्रेरणा | | | 72% | 72% | | | | |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

संकेत:

| | | | |
|---|---|---|---|
| E= Excellent | VG = Very Good | G= Good | S=Satisfactory |

यो अध्ययनमा मापनको सूचक ८० प्रतिशत वा सो भन्दामाथिलाई सर्वोकृष्ट E ६० देखि ७९ सम्मलाई उत्तम VG, ४० - ५९ सम्मलाई मध्यम G १ देखि ३९ प्रतिशत सम्मलाई सन्तोषजनक S मानिएको थियो ।

यो सूचकका आधारमा हिमालयन ट्रष्टवाटमात्र तालिम लिएका शिक्षकहरुले विशिष्टिकरण तालिककाको प्रयोग, वालमैत्री शिक्षण, वार्षिक कार्ययोजना निर्माण सर्वोकृष्ट E आधारमा गरेको पाइयो भने सहकार्यमा भने दुवै निकायले प्रदान गरेको तालिम प्राप्त शिक्षकहरुले सर्वोकृष्ट E आधारमा नै गरेको पाइयो । विद्यार्थीहरुलाई उत्प्रेरणा जगाउने कार्यमा पनि दुवै निकायको तालिम तालिमको उपलव्धि समरुपको देखिएको । अन्य कियाकलापमा औसतमा उपलव्धिहरु एकआपसमा मेलखाने नै पाइएका थिए । जुन शिक्षण सिकाइमा स्थानान्तर भएको पाईएको थियो ।

यो अध्ययन पश्चात शिक्षकहरुले प्राप्त गरेका ज्ञान, सीपको अवस्था पत्ता लगाई उक्त ज्ञान , सीप लगायत विविध पक्षको शिक्षकहरुवाट कक्षा शिक्षणमा गरेको स्थानान्तरको अवस्था कस्तो थियो भनि अध्ययन गर्दा NCED तथा HTN वाट तालिम लिएका शिक्षकहरुले क्रमशः दैनिक पाठ्योजना निर्माणमा ६०%, ६५% , शैक्षिक सामाग्रीको निर्माणमा ५५%, ६७% , विशिष्टिकरण तालिकाको प्रयोगमा ८०%, ८०% , कक्षाकोठाको व्यवस्थापनमा ८०%, ८०% , तनाव व्यवस्थापनमा ७५%, ७६% , अतिरिक्त क्रियाकलापमा ८०%, ८०% , शैक्षिक भ्रमणमा ५०%, ५०% , वालमैत्री शिक्षणमा ८०%, ५८%, Brain Gymमा,८०%, ८०%,सहकार्यमा ८०%, ८५% , नियमितता ९५%, ९५% , वार्षिक कार्ययोजना ५८%, ८०% , वहुकक्षा शिक्षणमा ३६%, ४०% , सिर्जनात्मक कार्यमा ५८%, ८०% , उत्प्रेरणामा ७२%, ७२% , स्थानान्तरण भएको पाइएको थियो । जसको औसत प्रतिशत NCED को शिक्षणमा स्थानान्तर ७० प्रतिशत र HTN को ७५ प्रतिशत रहेको थियो ।

### ४.४ विद्यार्थी विवरण

श्री दूधकुण्ड हिमालय निम्न माध्यमिक विद्यालय सल्लेरी २ तथा श्री रमाईलो ज्योति निम्न माध्यमिक विद्यालय सल्लेरी ५ लाई अध्ययनको लागि छनौट गरिएको थियो । उक्त विद्यालयहरुमा शिक्षक तालिमको उपलब्धिको तुलनात्मक अध्ययनका लागि विद्यार्थी विवरण लिनु महत्वपूर्ण पक्ष भएको हुनाले विद्यालयमा भएको विद्यालयको अभिलेख अनुसार निम्न वमोजिमको तालिका विवरण देखाईएको छ ।

तालिका नं. ५

**श्री दूधकुण्ड हिमालय निम्न माध्यमिक विद्यालय सल्लेरी २, फाप्लुका २०६५- २०६७ विद्याथी विवरण**

| साल | कक्षा ४ | | | कक्षा ५ | | |
|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| २०६५ | २५ | २७ | ५२ | २२ | २१ | ४३ |
| २०६६ | २१ | १९ | ४० | २५ | २७ | ५२ |
| २०६७ | १७ | १४ | ३१ | २१ | १९ | ४० |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

तालिका नं. ६

**श्री रमाईलो ज्योति निम्न माध्यमिक विद्यालय सल्लेरी ५, जैदुका २०६५ देखि २०६७ विद्याथी विवरण**

| साल | कक्षा ४ | | | कक्षा ५ | | |
|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| २०६५ | १२ | १३ | २५ | १२ | ११ | २३ |
| २०६६ | १४ | १४ | २८ | १२ | १३ | २५ |
| २०६७ | १२ | १३ | २५ | १४ | १४ | २८ |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

श्री दूधकुण्ड हिमालय नि.मा.वि. फाप्लु तथा रमाईलो ज्योति नि.मा. वि. जैदुमा ३ वर्षको विद्यार्थी तथ्यांकलाई अवलोकन गर्दा एउटै कक्षा दोहोर्‍याउने र वीचैमा विद्यालय छोड्ने विद्यार्थीहरु पाईएका थिएनन । यसवाट शैक्षिक जनशक्ति विकास केन्द्रको सहयोगमा हिमालयन ट्रष्टले प्रदान गरेको प्राथमिक शिक्षक तालिमको उपलब्धि तुलनात्मक रुपमा NCED को भन्दा प्रभावकारी देखिएको थियो । विद्यार्थीहरुको यो विवरणवाट पनि विद्यालयमा शैक्षिक व्यवस्थापन तथा प्रभावकारी शिक्षण भएको देखिएको छ । विद्यार्थीहरुलाई शिक्षणको शिलसिलामा वालमैत्री ढङ्गवाट शिक्षकले अध्ययापन गराएको कुरा कक्षा अवलोकनको माध्ययमवाट थाहा भएको थियो । विद्यार्थीहको शैक्षिक उपलब्धि राम्रो पाईएको छ किनक दुवै विद्यालयका विद्यार्थीहरुको नतिजा सतप्रतिशत पाईएको छ, जसले तालिमको सकरात्मक प्रभाव परेको दर्शाउदछ । यद्धपि, हिमालयन ट्रष्टको प्राथमिक शिक्षक तालिमको उपलब्धि राम्रो देखिए पनि उक्त तालिमको तालिमको स्तरीकरण तथा प्रमाणीकरण भने NCED ले गरेको पाईएको थियो । यस तथ्यले दुवै निकायको सम्वन्ध एकआपसमा सुमधुर तथा मैत्रीपुर्ण भएको वुझिएको थियो ।

तालिका नं. ७

**विद्यार्थीहरुको शैक्षिक उपलब्धिको तुलनात्मक विवरण**

छनौटमा परेका दुवै विद्यालयका कक्षा ४ का विद्यार्थीहरुको कक्षा परीक्षण गरि प्राप्त औसत अंकलाई (तुलनात्मक रुपमा शैक्षिक उपलब्धिको अवस्था ) निम्नानुसार व्याख्या गरिएको छ ।

| कक्षा परीक्षणमा कुल सहभागी | केटा | केटी | NCED शिक्षकले पढाएको विषयमा औसत प्राप्ताङ्क | HTN का शिक्षकले पढाएको विषयमा औसत प्राप्ताङ्क |
|---|---|---|---|---|
| ६६ | ३९ | २७ | ५७ | ६१ |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकामा दुवै विद्यालयका कुल ६६ जना विद्यार्थीहरुको लागि NCED वाट तालिम लिएका शिक्षकले पढाएको सामाजिक विषय र HTN वाट तालिम लिएका शिक्षकले पढाएको गणित विषयमा कक्षा परीक्षा लिईएको थियो । जुन परीक्षामा विद्यार्थीहरुको सहभागीता उत्साहजनक थियो । उक्त परीक्षणवाट आएको नतिजा अनुसार NCED वाट तालिम लिएका शिक्षकले पढाएको सामाजिक विषयमा औसत अंक ५७ र HTN वाट तालिम लिएका शिक्षकले पढाएको गणित विषयमा कक्षा परीक्षा औसत अंक ६१ पाईएको थियो । जसवाट NCED वाटमात्र तालिम लिएका शिक्षकशिक्षिकाहरुले भन्दा HTN वाटमात्र तालिम लिएका शिक्षकशिक्षिकाहरुले शैक्षिक सामाग्रीको निर्माण, प्रयोग , शिक्षक निर्देशिकाको प्रयोग गरी विद्यार्थीकेन्द्रित शिक्षण विधिको प्रयोग गरेको देखियो ।

यो तालिकाको आधारमा छनौटमा परेका विद्यार्थीहरुका अविभावकको प्रमुख पेशा कृषि रहेको पाईएको छ भने सवभन्दा कम जागिर पाइयो । यसले यो समुदाय कृषि तथा अन्य ज्याला मज्दुरीमा आधारित रहेको पाईएको छ । यद्धपि, विद्यार्थीहरु विद्यालय भर्ना भैसकेपछि विद्यार्थीहरु निरन्तर लगनशील भई लाग्नुमा अविभावकहरुको साथै तालिमको योगदान रहेको पाईन्छ । यसलाई शिक्षक तालिमको सफलता मानिन्छ । यो सफलतामा तालिम प्रदायक संस्था हिमालयन ट्रष्ट, नेपालले विद्यार्थीहरुलाई चाहिने स्टेसनरी सामान लगायत खेलकुदका साधनहरु निः शुल्क वितरण गरि वेलावेलामा अनुगमन, सुपरिवेक्षण तथा मूल्यांकन गरेकोले शिक्षाको मोह र तालिमको उपलव्धिमा वृद्धि भएको पाईएको छ ।

### ४.५ अन्तर्वार्ता तथा दस्तावेज अध्ययनवाट प्राप्त तथ्यांकको विश्लेषण

छनौटमा परेका दुवै विद्यालयका कुल ८ जना NCED वाट तालिम लिएका २ महिला २ पुरुष र HTN वाट तालिम लिएका २ महिला २ पुरुषसँगज अन्तर्वार्ता लिईएको थियो । जसवाट NCED वाट तालिम लिएका शिक्षकशिक्षिकाहरुले र HTN वाटमात्र तालिम लिएका शिक्षकशिक्षिकाहरुले शैक्षिक सामाग्रीको निर्माण, प्रयोग , शिक्षक निर्देशिकाको प्रयोग, विशिष्टिकरण तालिकाको प्रयोग गरी विद्यार्थीकेन्द्रित शिक्षण विधिको प्रयोग गरेको वताएका थिए भने यी सवै कार्यहरु गर्न समयको अपुग हुने जिकिर NCED वाट तालिम लिएका शिक्षकहरुले गरेका थिए । यसवाट NCED वाट मात्र तालिम लिएका शिक्षकहरुमा HTN वा तालिम लिएका शिक्षकहरुको भन्दा केहि सीपमा कमी भएको , अध्यापनप्रति उत्साह र जागरमासमेत कमी भएको पाईयो । यो अध्ययन पश्चात शिक्षकहरुले प्राप्त गरेका ज्ञान, सीपको अवस्था पत्ता लगाई उक्त ज्ञान , सीप लगायत विविध पक्षको शिक्षकहरुवाट कक्षा शिक्षणमा गरेको स्थानान्तरको अवस्था कस्तो थियो भनि अध्ययन गर्दा NCED तथा HTN वाट तालिम लिएका शिक्षकहरुले कमशः दैनिक पाठ्योजना

निर्माणमा ६०%, ६५% , शैक्षिक सामाग्रीको निर्माणमा ५५%, ६७% ,विशिष्टिकरण तालिकाको प्रयोगमा ८०%, ८०% ,कक्षाकोठाको व्यवस्थापनमा ८०%, ८०% , तनाव व्यवस्थापनमा ७५%, ७६% ,अतिरिक्त क्रियाकलापमा ८०%, ८०% , शैक्षिक भ्रमणमा ५०%, ५०% ,वालमैत्री शिक्षणमा ८०%, ५८%, Brain Gym मा ८०%,८०% मा, सहकार्यमा ८०%, ८५%,नियमितता ९५%, ९५% ,वार्षिक कार्ययोजना ५८%, ८०% , वहुकक्षा शिक्षणमा ३६%, ४०% ,सिर्जनात्मक कार्यमा ५८%, ८०% , उत्प्रेरणामा ७२%, ७२% , स्थानान्तरण भएको पाइनुले हिमालयन ट्रष्ट ,नेपालको तालिम प्रभावकारी भएको पाईयो ।

छनौटमा परेका दुवै विद्यालयका कुल २ प्र.अ.सँग अन्तर्वार्ता लिईएको थियो । जसवाट NCED वाट तालिम लिएका शिक्षकशिक्षिकाहरु र HTN वाटमात्र तालिम लिएका शिक्षकशिक्षिकाहरुको नियमितता लगनशीलता उनीहरुले विद्यालयमा शैक्षिक सामाग्रीको निर्माण, प्रयोग , शिक्षक निर्देशिकाको प्रयोग, विशिष्टिकरण तालिकाको प्रयोग गरी विद्यार्थीकेन्द्रित शिक्षण विधिको प्रयोग गरेको उनीहरुले वताए । यसवाट HTN तालिम लिएका शिक्षककहरुको भन्दा NCED वाट मात्र तालिम लिएका शिक्षककहरुको केहि सीपमा कमी भएको , अध्यापप्रति उत्साह र जागरमासमेत कमी भएकोले विद्यार्थीहरुको शैक्षिक उपलव्धिमासमेत सामान्य असर परेको वताए भने उनले हिमालयन ट्रष्टवाट सन्चालित तालिमले विद्यालयको शैक्षिक व्यवस्थापन उल्लेख्य योगदान पुगेको , नियमित सुपरिवेक्षणका कारण समस्या सामाधानमा सहयोग पुगेको उनले वताएका थिए । जिल्ला शिक्षा कार्यालय सोलुखुम्वु , सल्लेरी स्रोत केन्द्रका स्रोव्यक्तिले NCED वाट तालिम लिएका शिक्षकशिक्षिकाहरु र HTN वाटमात्र तालिम लिएका शिक्षकशिक्षिकाहरुको नियमितता लगनशीलता उनीहरुले विद्यालयमा शैक्षिक सामाग्रीको निर्माण, प्रयोग , शिक्षक निर्देशिकाको प्रयोग, विशिष्टिकरण तालिकाको प्रयोग गरी विद्यार्थीकेन्द्रित शिक्षण विधि आदिको वारेमा आफुले अनुगमन तथा सुपरिवेक्षण गरी रचनात्मक सुझाव दिएको उनले वताए । HTN तालिम लिएका शिक्षककहरुको भन्दा NCED वाट मात्र तालिम लिएका शिक्षककहरुको सीपमा कमी नभए पनि , अध्यापनप्रति उत्साह र जागर चाहि केहि कमी भएकोले हिमाली विकट जिल्ला सोलुखुम्वुमा हिमालयन ट्रष्टवाट सन्चालित तालिमले विद्यालयको शैक्षिक व्यवस्थापन उल्लेख्य योगदान पुगेको , नियमित सुपरिवेक्षणका कारण समस्या सामाधानमा सहयोग पुगेकोसाथै भौतिक निर्माणमा समेत यो संस्थाको योगदान सह्रायिन रहेको उनले वताएका थिए । साथै छनौटमा परेका दुवै विद्यालयका छानिएका शिक्षकशिक्षिकाहरुको प्रत्यक्ष कक्षा अवलोकन गरिएको थियो । कक्षा अवलोकनमा दैनिक पाठयोजना निर्माण, शैक्षिक सामाग्रीको प्रयोग, आँखाको चाल, कक्षाकोठाको व्यवस्थापन, समूह विभाजन, शिक्षकको प्रस्तुतीकरण, समुह कार्य, उत्प्रेरणा , गृहकार्य जस्ता क्रियाकलापहरुलाई अवलोकन गरिएको थियो । जुन क्रियाकलापवाट शिक्षकले विद्यार्थीहरुलाई कतिको प्रभावकारी तवरवाट अध्यापन गराए भन्ने कुराको परीक्षण गरिएको थियो । यसवाट HTN तालिम

लिएका शिक्षकहरुको भन्दा NCED वाट मात्र तालिम लिएका शिक्षकहरुको केहि सीपमा कमी भएकोले सुधार गर्नु पर्ने, विद्यार्थीहरुलाई सिकाइमा उत्प्रेरित गर्नुपर्ने देखियो । पाठ्यपुस्तकका अलवा शैक्षिक सामाग्रीको प्रयोग NCED वाट तालिम लिएका शिक्षकहरुले गरेका थिए भने HTN वाट तालिम लिएका शिक्षकले स्थानीय सामाग्रीको समेत प्रयोग गरी शिक्षणलाई प्रभावकारी वनाउने प्रयास गरेको पाईयो । तालिमवाट प्राप्त ज्ञान , सीप तथा विविध पक्षको तुलनात्मक अध्ययनका लागि दुवै निकायवाट प्रदान गरिएको तालिमको प्रकृतिको अध्ययन दस्तावेजको सहयोगवाट गरिएको थियो । जसवाट NCED ले नेपालका सरकारी विद्यालयहरुका स्थायी शिक्षकहरुलाई उनीहरुको पेशागत वृद्धिका लागि तालिम दिएको देखियो भने अहिले सरकारको शिक्षा नीति परिवर्तन भए पश्चात महिला अस्थायी शिक्षिकाहरुलाई पनि तालिम प्रदान गर्ने गरेको पाईएको छ । यो तालिम २.५महिना लामो हुने गरेको थियो । भने हिमालयन ट्रष्टवाट प्रदान गरिएको तालिम विद्यालयको मागमा आधारित विषय र शिक्षकहरुका लागि थियो । यसले आवश्यक शैक्षिक सामाग्री तथा नियमित अनुगमन तथा सुपरिवेक्षण गरेको प्रतिवेदनको अध्ययनवाट थाहा पाईयो । विद्यालयमा वार्षिक कार्ययोजना, दैनिक पाठ्योजना , विशिष्टिकरण तालिकाको प्रयोग जस्ता पक्षहरुलाई जोड दिनमा हिमालयन ट्रष्टले योगदान दिएको अझ यसको प्रभावकारी पक्ष भनेको वालमैत्री शिक्षण तथा वहुकक्षा शिक्षण रहेको , तालिमका विशेषताका आधारमा र विद्यालयमा आएको परिवर्तनका आधारमा तालिमको उपलव्धि विद्यालय र विद्यार्थीहरुको फाईदाका पक्षमा भएको पाईयो ।

## अध्याय पाँच

## प्राप्ति, निष्कर्ष र सुझाव

### ५.१ प्राप्ति

शैक्षिक जनशक्ति विकास केन्द्र र हिमालयन ट्रष्टले प्रदान गरेको प्राथमिक शिक्षक तालिमको तुलनात्मक अध्ययन पश्चात प्राप्त भएका कुराहरुलाई प्राप्तिको रुपमा प्रस्तुत गरिएकोछ । यस शोधपत्रको अध्ययनको क्रममा मुख्य गरि निम्नवमोजिमका प्राप्तिहरु पाइएको छ ।

- NCED वाट प्रदान गरेको तालिम स्थायी नेपाल सरकारको शिक्षक दरवन्दीमा रहेका शिक्षकशिक्षिकाहरु तथा अस्थायी महिला शिक्षकहरुलाई प्रदान गरिएको पाइयो भने HTN वाट प्रदान गरेको तालिम मागमा आधारित सवै खाले शिक्षकहरुका लागि थियो ।
- सवै विद्यालयहरुमा वार्षिक कार्यतालिका (Action Plan) को प्रयोग गरी शिक्षण गरिएको भएता पनि HTN वाट तालिम लिएका शिक्षकहरुको तुलनामा NCED वाट तालिम लिएका शिक्षकहरुले कार्यतालिकामा कम ध्यान दिएको पाइयो । किककि NCED को तालिम पश्चात शिक्षणमा स्थानान्तर ७० प्रतिशत र HTN को तालिम पश्चाते ७५ प्रतिशत रहेको थियो ।
- विद्यार्थीहरुको उतीर्ण दर सत प्रतिशत पाईए पनि कक्षा परीक्षणमा NCED वाट तालिम लिएका शिक्षकले पढाएको विषय भन्दा HTN वाट तालिम लिएका शिक्षकले पढाएको विषयमा शैक्षिक उपलब्धि सन्तोषजनक पाईयो ।

### ५.२ निष्कर्ष

सोलुखुम्वु जिल्लामा शैक्षिक जनशक्ति विकास केन्द्र तथा हिमालयन ट्रष्टले सन्चालन गरेको प्राथमिक शिक्षक तालिमको उपलब्धिको तुलनात्मक अध्ययन गर्ने क्रममा छनौटमा परेका विद्यालयहरुवाट स्थलगत भ्रमण गरी वि.सं. २०६५ –२०६७ सम्मको प्राथमिक तथा गौण सूचना संकलन गरी अध्ययन गरेर प्राप्त निष्कर्षहरुलाई यस खण्डमा समावेश गरिएको छ । हिमालयन ट्रष्ट तथा शैक्षिक जनशक्ति विकास केन्द्रवाट प्रदान गरिएका तालिमका विविध पक्षहरुबाट आएको निश्कर्षलाई उल्लेख गरिएको छ ।

सोलुखुम्वु जिल्लाको शिक्षाको स्तरलाई माथि उकास्नको निमित्त प्राथमिक शिक्षक तालिम सन्चालन गरेको देखिन्छ । NCED तथा HTN दुवै निकायले विद्यालयमा कार्यरत शिक्षकहरुलाई तालिम प्रदान गरेको भए पनि NCED को प्रकृतिको तालिमले सवै शिक्षकका

समस्याहरुलाई समेट्न सक्दैन । मागमा आधारित समस्याको प्रतिनिधित्व हुन सक्दैन । धेरै स्थायी शिक्षक भएको विद्यालयमा तालिमको लागि राजनीतिक हस्तक्षेप हुन सक्छ । जसका कारण विद्यालयको शैक्षिक वातावरणमा समेत आँच आउन सक्दछ । तर HTN को प्रकृतिको तालिम समयानुकुल मागमा आधारित भएकाले यसले पुनर्जागरण पैदा गरेको यो सवै शिक्षकका लागि हुने भएकाले प्रजातान्त्रिक देखिएको थियो । त्यसर्थ तुलनात्मक रुपमा HTN वाट सन्चालित प्राथमिक शिक्षक तालिम सवैका लागि सहज र सुलभ भएको थियो । विद्यार्थीहरुको उतीर्ण दर सत प्रतिशत पाईए पनि कक्षा परीक्षणमा NCED वाट तालिम लिएका शिक्षकले पढाएको विषय भन्दा HTN वाट तालिम लिएका शिक्षकले पढाएको विषयमा शैक्षिक उपलव्धि सन्तोषजनक पाईनुले पनि तालिमको प्रभावकारीता , उपलव्धि र विद्यार्थीको शैक्षिक उपलव्धि राम्रो हुनुले HTN ले सन्चालन गरेको तालिमले प्रदान गरेका ज्ञान, सीपहरु ५ प्रतिशतले प्रभावकारी भएको निष्कर्ष प्राप्त भएको छ ।

## ५.३ सुझावहरु

शैक्षिक जनशक्ति विकास केन्द्र (NCED) र हिमालयन ट्रष्टले प्रदान गरेका प्राथमिक शिक्षक तालिमको तुलनात्मक अध्ययन, शिक्षक, प्र.अ., स्रोत व्यक्ति तथा विद्यार्थीहरुसँगसमेत छलफल गरिसकेपछि प्राप्त भएका सूचनाहरुलाई अध्ययन गरी हिमालयन ट्रष्ट तथा शैक्षिक जनशक्ति विकास केन्द्रले प्रदान गरेको प्राथमिक शिक्षक तामिलले शिक्षाको गुणस्तर अभिवृद्धिमा थप टेवा पुऱ्यायोस भन्ने हेतुले निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

- जिल्ला शिक्षा कार्यालयसँग समन्वय कायम गरी निरन्तर विद्यार्थी मूल्यांमकन विषयमा तालिम कार्यक्रम, सेमिनार तथा कार्यशाला गोष्ठी जस्ता कार्यक्रमहरुका सन्चलन गरिनुपर्ने ।
- वर्तमान परिपेक्ष्यमा नेपाल सरकारले प्राथमिक स्तरमा निरन्तर विद्यार्थी मूल्याँकन कार्यक्रम सञ्चालन गरिरहेको हुनाले यो कार्यक्रमलाई समेत हिमालयन ट्रष्ट, नेपालले साझेदार संस्थाको रुपमा सहयोग गर्दा शिक्षाको गुणस्तरमा उल्लेख्य परिवर्तन हुने देखिन्छ ।
- सामुदायिक विद्यालयहरुमा अविभावकको चासो कम भएको हुनाले शिक्षा सम्वन्धी जनचेतनामूलक कार्यक्रम गरिनुपर्ने ।
- Training पछि Teacher हरुसंग Resource Person हरुको पून भेटघाट तथा अन्तरक्रियालाई जोड दिनुपर्ने ।

# सन्दर्भसूची

खतिवडा  खेमप्रसाद (२०६७), पुर्व प्राथमिक शिक्षाको प्रभाव एक अध्ययन, काठमाडौ ।

गौतम  रामनारायण, (२०६७), प्रारम्भिक वालविकास कार्यान्वयन, काठमाडौ ।

तिमिल्सिना नारायणप्रसाद (२०६६), निमावि गणित शिक्षकहरुको लागि तालिम कार्यक्रम अध्ययन , काठमाडौ

थापा डिल्लीवहादुर, (२०६८), सामुदायिक र संस्थागत विद्यालयहरुको छात्राहरुको तुलनात्मक अध्ययन, काठमाडौ

भित्तेपत्रिका  (२०६७), रमाईलो  ज्योति नि. मा. वि. जैदु, सोलुखुम्वु ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६३), त्रैमाषिक वुलेटिन वर्ष ३ , अंक ७ :  भक्तपुर ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६३), शैक्षिक जनशक्ति विकास केन्द्र छोटो परिचय :  भक्तपुर ।

श्रेष्ठ शरणहरि (२०६६), शिक्षाको परिचय कक्षा १२ , काठ्माडौ ।

A hand book of all primary teachers (2002). Himalayan Trust, Solukhumbu Teacher Training Programme.

CERID (1997),  study report , Kathmandu, Nepal.

Intensive Report (2005). Solukhumbu Teacher Training Programme, Kathmandu : Himalayan Trust.

Primary Teacher Training Manual (2000). Mathematics, Nepali, English, Social Study. Kathmandu : Himalayan Trust.

Rai, Ishwarnan, Bhujel N.B. (2009). Solukhumbu Teacher training report, Kathmandu : Himalayan Trust.

Self Study Material (2062), Sanothimi, Bhakatpur : English NCED.

Self Study Material (2062), Sanothimi, Bhakatpur : Mathematics NCED.

UNESCO 2060, half yearly bulletin year 2,  vol. 5 , Kathmandu

**अनुसुची १**

**हिमालयन ट्रष्ट / शैक्षिक जनशक्ति विकासकेन्द्रवाट तालिम प्राप्त गरेका शिक्षकहरुको लागि प्रश्नावली**

विद्यालयको नामः

शिक्षकको नामः मितिः

१. तपाईले तालिम कति पटक लिनुभयो ?

२. तालिम कुन समयमा भएको थियो ?

३. तालिम कुन कुन विषयमा भएको थियो ?

४. तालिमको मुख्य उद्धेश्य के थियो ?

५. कति समयको तालिम थियो र प्रयाप्त थियो कि थिएन ?

६. तालिमका वलिया पक्षहरु के के थिए ?

७. तालिमका कम्जोर पक्षहरु के के थिए ?

८. तालिमले अध्यापनमा कस्तो प्रभाव पारेको छ ?

९. के तपाईले तालिममा सिकेका सीपहरु कक्षाकोठामा प्रयोग गरिरहनु भएको छ ?

१०. छ, भने कुनकुन सीपहरुलाई प्राथमिकताकासाथ प्रयोग गर्नुभएको छ ?

११. तपाइले प्रयोग गरेका सीप तथा तालिमको सुपरिवेक्षण तथा अनुगमन कसरी भइरहेको छ ?

१२. कस्ता विषयमा पुनर्ताजगी तालिम पाउनु भएको छ र यो तालिमले के फाईदा भएको छ ?

१३.गैर सरकारी संस्थावाट तथा सरकारी निकायवाट प्रदान गरिएको तालिमले विद्यालयहरुलाई पुगेको फाइदाकावारेमा तपाइको धारणा के छ ?

१४. तालिमवाट शैक्षिक सुधारमा आएका परिवर्तन के के हुन ?

१५. अन्तमा तालिम कार्यक्रमवारेमा तपाईको धारणा वा सुझाव के छ ?

## अनुसुची : २

## प्रधानाध्यापाकहरुका लागि प्रश्नावली

विद्यालयको नामः

प्रधानाध्यापकको नामः                                        मितिः

१. तपाई लगायत तपाईका सहशिक्षकहरुले शैक्षिक जनशक्ति विकास केन्द्र तथा हिमालयन ट्रष्टवाट प्रदान गरेको तालिमका वारेमा तपाईको धारणा के छ ?

२. तालिम कुन कुन विषयमा भएको थियो ?

३. शैक्षिक जनशक्ति विकास केन्द्र तथा हिमालयन ट्रष्टवाट प्रदान गरेको तालिमको प्रभाव र उपलब्धिवारेमा तपाईको विचार के छ ?

४.तपाइको विद्यालयमा तालिमको सुपरिवेक्षण तथा अनुगमन भइरहेको छ ,छ भने कसरी ?

५. पुनर्ताजगी तालिमले के फाइदा भएको छ ?

६. गैर सरकारी संस्था र सरकारी निकायवाट प्रदान गरिएको तालिमले विद्यालयहरुलाई पुगेको फाइदाकावारेमा तपाइको धारणा के छ ?

७. अन्तमा हिमालयन ट्रष्ट र शैक्षिक जनशक्ति विकास केन्द्रको तालिम कार्यक्रमवारेमा तपाईको धारणा वा सुझाव के छ ?

## अनुसुची : ३

## स्रोतव्यक्तिहरुका लागि प्रश्नावली

१. तपाईले NCED तथा HTN वाट प्रदान गरेको प्राथमिक शिक्षक तालिम कार्यक्रममा सहयोग गर्नु भएको हुनाले तालिमवारेमा यहाँको धारणा के छ ?

२. उक्त तालिमको समय कसरी निर्धारण गरिएको थियो ?

३. तालिम कुन कुन विषयमा भएको थियो ?

४. तालिमका मुख्य मुख्य उद्धेश्य के के थिए ?

५. NCED तथा HTN वाट प्रदान गरेको प्राथमिक शिक्षक तालिममध्ये कुन वढी प्रभावकारी थियो, कसरी ?

६. तपाईले विद्यालयमा तालिमको सुपरिवेक्षण तथा अनुगमन गरिरहदा शिक्षक निर्मित सामाग्रीको प्रयोग भएको पाउनुभएको छ ,छ भने कसरी ?

७. शैक्षिक वातावरणको उचित व्यवस्थापनमा विद्यालयहरुको चासो कस्तो रहेको छ ?

८. गैर सरकारी संस्था र सरकारी निकायवाट प्रदान गरिएको तालिमले विद्यालयहरुलाई पुगेको फाइदाकावारेमा तपाइको धारणा के छ ?

९. अन्तमा हिमालयन ट्रष्ट र शैक्षिक जनशक्ति विकास केन्द्रको तालिम कार्यक्रमवारेमा तपाईको सुझाव के छ ?

## अनुसुची : ४

## विद्यार्थीहरुका लागि प्रश्नावली

विद्यालयको नामः मितिः

१. यो विद्यालयमा तिमीहरुलाई कस्तो भएको छ ? रमाईलो कि नरमाइलो ?

२. तिमीहरुलाई विद्यालय आउन मन लाग्छ कि लाग्दैन , लाग्छ भने किन र लाग्दैन भने किन ?

३. पढ्न वाहेक विद्यालयमा के गर्छौ ?

४. तिमीहरु के के खेल्छौ ?

५. अतिरिक्त कियाकलापमा गुरुले कसरी सहयोग गर्नुहुन्छ ?

६. कुनै पिरियडमा गुरु आउनु भएन भने तिमीहरु के गरेर वस्छौ ?

७. तिमीहरुलाई मन पर्ने विषयहरु के के हुन ?

८. कोठामा त तालिकाहरु डोरीमा राखेको छ नि किन राखेको ?

९. यी तालिका ककस्ले वनाएको ?

१०. तिमीहरुको परीक्षाको वेलामा नि यी तालिकाहरु यहि हुन्छन त ?

११. तिमीहरु यहि कोठामा वसेर परीक्षा दिन्छौ कि अर्को कोठामा?

१२. तिमीहरु शैक्षिक भ्रमणमा नि गएका छौ ?

१३. को सँग गएका छौ ?

१४. तिमीहरु अर्को विद्यालय पनि गएका छौ ?

१५. तिमीहरुका अविभावक के गर्नु हुन्छ ?

१६. तिमीहरु घरमा के काम गर्दछौ ?

## अनुसुची : ५

## कक्षा अवलोकन फाराम

| क्र.स. | विषयवस्तु | मापनको सूचक | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | E(4) | | VG(3) | | G) | | S | |
| | | NCED | HTN | NCED | HTN | NCED | HTN | NCED | HTN |
| १. | दैनिक पाठयोजना निर्माण | | | | | | | | |
| २. | शैक्षिक सामाग्रीको प्रयोग | | | | | | | | |
| ३ | आँखाको चाल | | | | | | | | |
| ४ | कक्षाकोठाको व्यवस्थापन | | | | | | | | |
| ५ | समूह विभाजन | | | | | | | | |
| ६ | शिक्षकको प्रस्तुतीकरण | | | | | | | | |
| ७ | समुह कार्य | | | | | | | | |
| ८ | कक्षा कियाकलाप | | | | | | | | |
| ९ | प्रश्नोत्तर | | | | | | | | |
| १० | सिर्जनात्मक कार्य | | | | | | | | |
| ११ | उत्प्रेरणा | | | | | | | | |
| १२ | गृहकार्य | | | | | | | | |